# निन्दाबाट बच्ने कोही छैन



लेखक तथा प्रकाशक :

**भिक्षु अश्वघोष**

Downloaded from http://dhamma.digital

# निन्दाबाट बच्ने कोही छैन



नाम उल्लेख गर्न नचाहने महर्जन दुई उपासिकाहरूले रू. १०,०००/- (दश हजार रूपियाँ) आर्थिक सहयोग गर्नुभएको छ ।


**भिक्षु अश्वघोष**

**संघाराम**

**ढल्को, क्षेत्रपाटी**

**काठमाडौं**


Downloaded from http://dhamma.digital

प्रकाशक :

**भिक्षु अश्वघोष**

संघाराम

ढल्को, काठमाडौं

फोन नं. २५५९६०, २५९११०

प्रथम संस्करण : १५००

बुद्ध सम्बत् : २५४२

नेपाल सम्बत् : १११९

इस्वी सम्बत् : १९९८

बिक्रम सम्बत् : २०५५

मूल्य रु. १०/–

कम्प्यूटर:
गोविन्द स्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला
"न्यू नेपाल प्रेस"
फोन : २५९४५०

मुद्रक :
**न्यू नेपाल प्रेस**

अफिस :
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

प्रेस :
नक्साल, नागपोखरी
काठमाडौं
फोन : ४३४८५०, ४३४७५३

Downloaded from http://dhamma.digital

# साधुवाद

एकदिन दुई जना महर्जन महिला उपासिकाहरू मकहाँ आई भन्नुभयो– "भन्ते ! हामीले बुद्धधर्म सम्वन्धी पुस्तक प्रकाशन गर्नका लागि आवश्यक आर्थिक सहयोगको रूपमा रू. १०,०००/– प्रदान गर्ने इच्छा राखेका छौं । त्यस पुस्तकमा "वैशाख पूर्णिमाको महत्त्व, आषाढ पूर्णिमाको महत्त्व र वर्षावास तथा कठीन उत्सवको महत्त्व आदि समावेश गरी बाँकी विषय युवा वर्गलाई काम लाग्ने ज्ञानगुणका कुराहरू र तपाइँको इच्छा अनुसार उपयुक्त विषयहरू राखीदिनु भए बेश हुनेछ ।

ती दुवै उपासिकाहरूको दुईवटा कुराबाट म ज्यादै प्रभावित भएँ । एउटा त उहाँहरूले त्यस पुस्तकमा चन्दा दाताको नाम उल्लेख नगर्ने मनसाय ब्यक्त गरेका थिए । अर्को कुरो उक्त पुस्तकमा युवावर्गहरूलाई काम लाग्ने ज्ञानवर्द्धक शिक्षाहरू समावेश गर्ने इच्छा थियो उहाँहरूको । यी दुई कुरोले मलाई ठूलो हौसला र प्रेरणा बढायो । त्यसैले मैले उहाँहरूको विचारलाई हृदय देखि साधुवाद दिंदै उहाँहरूको जीवन सुखमय र निरोगी होस् भनी कामना गर्दछु ।

प्रस्तुत पुस्तकको नाम "**निन्दाबाट बच्ने कोही छैन**" राखिदिएँ । किनभने आजभोलिको समाजमा निर्दोषी ब्यक्ति खोज्न ज्यादै गाऱ्हो छ । त्यसैले होला जहाँ गए पनि एक अर्काको निन्दा, चर्चा मात्र भइरहेको सुनिन्छ । निर्दोषी भगवान बुद्ध स्वयं परनिन्दाबाट बच्न सक्नु भएको थिएन भने हामी जस्ता क्लेशले भरेको ब्यक्तिलाई अरूले निन्दा गर्नु कुनै अस्वाभाविक कुरो होइन ।

म पुस्तकको प्रुफ हेर्दै थिएँ । एकाएक "समयमै होश पुऱ्याउनुस्" भन्ने शीर्षकले म आफैंलाई कसो-कसो अप्ठ्यारो महशूस हुन थाल्यो । किनभने सबै क्षेत्रमा पहिले नै होश पुऱ्याउनु सजिलो काम होइन । मेरो

Downloaded from http://dhamma.digital

पनि कहिले काहीं होश गुम भइरहन्छ । लेख लेख्न त सजिलो छ । तर त्यसलाई व्यवहारमा प्रयोग गर्न भने निकै गाऱ्हो हुँदो रहेछ । अनि समय समयमा मैले कल्याण मित्र सत्यनारायण गोयन्काज्यूको भनाई सम्झिने गर्छु–

"आजभोलि बुद्धि बिलासिता देखाउने व्यक्तिको कमी छैन" यसो विचार गर्दा "म आफै पनि बुद्धि बिलासिता देखाउने व्यक्तिहरूको पंक्तिमा त परेको छैन ?" भन्ने जस्तो लाग्न थाल्छ । तर सन्तोषको कुरो प्रस्तुत पुस्तकमा समावेश भएका रचनाहरू "दृष्टि" र "जन आस्था" साप्ताहिक पत्रिकाहरूमा छापिसकेका लेखहरू नै हुन् । ती अखबारका पाठकहरूको भनाइ अनुसार यी लेखहरू त ज्ञानवर्द्धक र बुद्ध शिक्षा प्रचारका लागि उपयोगी नै थिए । उपत्यका बाहिर बुद्ध शिक्षा प्रचारमा कमी हुनुको साथै यस सम्बन्धि पुस्तकहरूको पनि अभाव देखिन्छ । तर ती दुवै साप्ताहिक पत्रिकामा छापिएका विषय भैसकेको हुँदा यस लेखहरूले नेपाल अधिराज्यभरी बुद्ध र बुद्ध शिक्षालाई प्रचार गर्न मद्दत मिल्यो । ती लेखहरूलाई संकलन गरी एउटा पुस्तक नै छापिदिन पाए राम्रो हुने थियो भन्ने सुझाव पनि आयो । त्यसैले बुद्ध शिक्षालाई प्रचार गर्ने कार्यमा मद्दत दिनु भएकोमा दृष्टि साप्ताहिक र जनआस्थाका सम्पादकद्वयहरू प्रति मैले आभार प्रकट गर्नु पर्ने आफ्नो कर्त्तब्य सम्झन्छु ।

त्यस्तै नेपाल प्रेसका मालिक विजय मान सिं तुलाधर र अजय मान सिं तुलाधरहरूलाई पनि साधुवाद दिंदै कम्प्यूटर सहयोगीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत पुस्तक छाप्नका लागि प्रेरणा दिनुहुने तर आफ्नो नाम उल्लेख गर्न नचाहने दुईजना महर्जन उपासिकाहरूलाई फेरि एकपटक साधुवाद दिन्छु ।

संघाराम विहार, ढल्को, क्षत्रपाटी
फोन नं. २५५९६०

**भिक्षु अश्वघोष**
१/८/२०५५

Downloaded from http://dhamma.digital

# विषय–सूची


| | | |
|---|---|---|
| १. | वैशाख पूर्णिमाको महत्व | १ |
| २. | आषाढ पूर्णिमाको महत्त्व | ४ |
| ३. | वर्षावास र कठीन चीवर दान महोत्सव | ७ |
| ४. | समयमै होश पुऱ्याउनुस् | १२ |
| ५. | विवेक भए मानिस आर्य बन्नसक्छ | १६ |
| ६. | असमझदारीको कारण के हो ? | २० |
| ७. | किताब पढेर मात्रै विद्वान भइन्न | २३ |
| ८. | निन्दाबाट बच्ने कोही छैन | २६ |
| ९. | बुद्धको चित्त एकाग्रता | २९ |
| १०. | दार्शनिक वाल्ल पऱ्यो | ३२ |
| ११. | कर्तव्य पालन नै धर्म हो | ३४ |
| १२. | बुद्धको चमत्कार | ३६ |
| १३. | नक्कली देवता | ३९ |
| १४. | बाँच्नु झन् कठिन छ | ४१ |
| १५. | नेपालको प्रतिष्ठा घट्यो | ४४ |
| १६. | जातले शुद्ध भए पनि ... | ४६ |
| १७. | मन बडो गजबको हुन्छ | ४९ |
| १८. | मूर्खहरूको उत्सव | ५१ |
| १९. | ज्ञानमार्ग र भक्तिमार्ग | ५३ |
| २०. | नारीको यो पक्षतिर पनि ध्यान दिने कि ! | ५६ |
| २१. | धर्म मरेको छैन | ६० |
| २२. | बुद्ध चरित्र र बौद्ध चरित्र | ६५ |


Downloaded from http://dhamma.digital

# वैशाख पूर्णिमाको महत्व

वर्षमा बाऱ्हवटा पूर्णिमाहरू हुन्छन् । यी बाऱ्हवटा पूर्णिमाहरूमध्ये बुद्ध अनुयायीहरू वैशाख पूर्णिमालाई अति महत्वपूर्ण मान्दछन् । किनभने वैशाख पूर्णिमाकै दिन नेपालको लुम्बिनीको शाल उद्यानमा सिद्धार्थ गौतमको जन्म भएको थियो । सोही दिन भारतको बुद्धगयामा पिपलबोटमुनि उहाँले बोधिज्ञान लाभ गर्नुभई बुद्धत्व प्राप्त गर्नुभएको थियो । यति मात्र होइन, वैशाख पूर्णिमाकै दिन मल्ल राजाहरूको शालवन कुशीनगरमा ८० वर्षको उमेरमा बुद्धको महापरि निर्वाण भएको थियो । यसरी बुद्धको जीवनमा यी तीन महत्वपूर्ण घटनाहरू वैशाख पूर्णिमाकै दिन घटेको हुनाले विश्वका शान्तिप्रेमी जनताले वैशाख पूर्णिमाकै दिन बुद्ध जयन्ती मनाउने गर्छन् ।

वैशाख पूर्णिमाकै दिन सिद्धार्थ गौतमले सांसारिक राग, द्वेष, मोह, ईर्ष्या र अहंकार आदि विकार माथि विजय प्राप्त गर्नुभई बुद्ध हुनुभयो । अर्थात् उहाँ बोध हुनुभयो । उहाँले यही पवित्र दिनमा सबै प्रकारका पाप अधर्म र सारा बन्धनमाथि विजय हासिल गर्नुभएको थियो ।

अर्को शब्दमा भन्ने हो भने यही पावन दिनमा बुद्धले चार आर्य सत्यको प्रतिपादन गर्नुभएको थियो । चार आर्य सत्यलाई यसरी उल्लेख गर्न सकिन्छ–

(१) संसार दुःखमय छ ।

(२) दुःखको कारण छ ।

(३) दुःखलाई अन्त गर्न सकिन्छ ।

(४) दुःखलाई अन्त गर्न सक्ने बाटो छ ।



Downloaded from http://dhamma.digital

संसारमा जति पनि दुःखहरू छन्, ती दुःखका मूल कारण तृष्णा हो। भौतिक विषयमा राग उत्पन्न भई जति भए पनि नपुग्ने चाहनामा लिप्त हुनुलाई तृष्णा भनिन्छ। भ्रष्टाचार, कमिशन खोर तृष्णाकै परिणाम हो।

यस प्रकारको तृष्णालाई नाश गर्नको निमित्त आर्यअष्टांगिक मार्गको अभ्यास गर्नुपर्छ भनी गौतम बुद्धले घोषणा गर्नुभएको थियो। बुद्धले आर्यअष्टांगिक मार्गको विषयमा घोषणा मात्र गर्नुभएको होइन, यसरी आफ्नो परिचय पनि दिनुभएको छ– यो ज्ञान जान्न लायक भएको हुनाले म आफैंले अभ्यास गरें। अभ्यास गरिसकेपछि यस ज्ञानलाई साक्षात्कार गरेर आफ्नो मनमा रहेका कुसंस्कारहरू र कुबानीहरू सबैलाई त्याग गरें। त्यसैले म बुद्ध भएको हुँ।

यहाँ बुद्धले ज्ञान प्राप्त गर्नु भइसकेपछि त्यसलाई अभ्यास गरेर पुराना कुसंस्कार र कुबानीहरूलाई त्याग गर्न सक्नुभएको कुरो ज्यादै उल्लेखनीय र महत्वपूर्ण देखिन्छ। पुराना कुसंस्कार अर्थात् अभिमान अहंकार, अन्धविश्वास, महत्वाकांक्षा आदि नाश गर्नको लागि बुद्धले आठवटा उपायहरूलाई अभ्यास गर्न योग्य खुड्किलाहरू भन्नुभयो। यी खुड्किलाहरूलाई आर्य अष्टांगिक मार्गको रूपमा यसरी प्रस्तुत गर्न सक्छौं।

(१) सम्यकदृष्टि (ठीक समझदारी)

(२) सम्यक संकल्प (ठीक सोचाई अर्थात् नियत)

(३) सम्यक वचन (ठीक बोली)

(४) सम्यक कर्मान्त (ठीक काम कार्य)

(५) सम्यक जीविका (निर्दोष जीवन)

(६) सम्यक व्यायाम (ठीक प्रयत्न अर्थात् अल्छी नहुनु)

(७) सम्यक स्मृति (सधैं सजग र सतर्क भइरहनु)



Downloaded from http://dhamma.digital

(८) सम्यक समाधि (ठीक तरिकाले चित्त एकाग्रता गर्नु अर्थात् राम्रो काममा मात्र ध्यान जानु) ।

उपयुर्क्त आर्यअष्टांगिक मार्गको राम्रो अभ्यास गरेर संसारिक विकारलाई नाश गरिसकेपछि मात्र बुद्धले अरूलाई उपदेश दिनुभएको थियो ।

अब एक चोटी विचार गरौं- हामी किन बुद्ध जयन्ती मनाउँछौं ? प्रत्यक्ष रूपमा भन्ने हो भने बुद्धको गुण स्मरण गर्नको लागि हामी बुद्ध जयन्ती मनाउने गर्छौं । तर गुण स्मरण गरेर मात्र बुद्धप्रति हामीले गर्नुपर्ने कर्तव्य पूरा हुन्छ त ? यो कुरा विचारणीय छ । बुद्धको गुण स्मरण गर्नको लागि मात्र होइन, बुद्धको गुणलाई प्रेरणास्वरूप शिक्षाको रूपमा आफ्नो जीवनमा प्रयोग गर्न कोशिस गर्नुपरेको छ । यसो गर्न सकेमा मात्र हाम्रो आध्यात्मिक ज्ञानको उन्नति हुनसक्ने र चरित्र सुधार हुनसक्ने छ । साथसाथै राम्रो आचरण हुनसक्ने छ । त्यसकारण कमसेकम बुद्ध पूर्णिमाको लागि दुई दिन नभए पनि एकै दिन मात्र भए पनि किन नहोस् हामीले रिस रागलाई त्यागी दिउँ, झगडा नगरौं । ठूलो स्वरले नकराऔं । रक्सी र जाँड आदि लाग्ने पदार्थ नखाऔं । अहंकार र पूर्वाग्रहलाई त्यागौं । यसो गर्न सकेमा हामीमा केही न केही राम्रो गुणको वृद्धि हुन्छ कि, साथै हाम्रो व्यवहारमा केही न केही राम्रो परिवर्तन आई सुखमय जीवन जिउन टेवा मिल्छ कि ? ■



Downloaded from http://dhamma.digital

# आषाढ पूर्णिमाको महत्त्व

वैशाख पूर्णिमाको महत्त्व त धेरैजसोलाई थाहा भएको नै विषय हो । यही दिन लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म भएको थियो भने यही दिनमा बुद्धगया (भारतमा) सिद्धार्थ गौतमले बुद्धत्त्व लाभ गरी बुद्ध हुनुभएको थियो । त्यति मात्र होइन यही पवित्र दिनमा नै बुद्धले कुशी-नगरमा (नश्वर शरीर त्याग गरी) महापरिनिर्वाण पनि हुनु भएको थियो ।

बुद्ध पूर्णिमा पछिको अर्को महत्त्वपूर्ण पूर्णिमा आषाढ पूर्णिमा हुन आउँछ । सिद्धार्थ कुमारले महामाया देवीको कोखमा गर्भ प्रवेश गर्नु भएको दिन आषाढ पूर्णिमालाई नै मानिन्छ । सिद्धार्थ कुमारले राजदरवार त्यागी अभिनिष्क्रमण गर्नु भएको दिन पनि आषाढ पूर्णिमा नै थियो । बुद्धत्त्व प्राप्त गर्नु भएपछि सर्वप्रथम पंचभद्रवर्गीयहरू (कोण्डञ्ञ, भद्दिय, वप्प, महानाम र अस्सजि आदि) लाई धर्मचक्र प्रवर्तन सूत्र उपदेश दिनुभएको दिन पनि यही दिन थियो ।

वास्तवमा भन्ने हो भने बुद्ध जीवनीमा सबैभन्दा महत्त्वपूर्ण घटना नै धर्मचक्र देशना हो । किनभने बुद्धले आफूले प्राप्त गर्नुभएको ज्ञानलाई यसरी प्रचार गर्नु नभएको भए वैशाख पूर्णिमाको महत्त्व रहने त कुरै भएन ।

बुद्धले देशना गर्नुभएको धर्मचक्र सूत्रमा दुःखबाट मुक्त हुने उपाय मध्यम मार्ग (आर्यअष्टाङ्गिक मार्ग) को ब्याख्या गरिएको छ । मध्यम मार्ग भन्नु नै दुईवटा अति (सांसारिक मोजमज्जामा मात्र भुलिरहने बानी र अति कष्टमय दुःखी जीवन) बाट मुक्त भई यी दुईको बीचमा रही मध्यम जीवन बिताउन सक्नुलाई भनिन्छ । त्यसैले हामी सबैले आषाढ पूर्णिमाको महत्त्वलाई बुझ्न आवश्यक छ । किनभने यही पवित्र दिनमा बुद्धले आफ्नो पहिलो सन्देशको रूपमा सारनाथमा धर्मचक्र सूत्र ब्याख्या गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

बौद्ध देशहरूमा धर्मचक्र सूत्र खुब पाठ गरिन्छ । तर सूत्रमा बताइएको अर्थलाई त्यति ध्यान नदिइएकोले होला उनीहरू समाजलाई गतिशील बनाउने कार्यतर्फ राम्ररी लागेको देखिँदैनन् । हुनत समाजलाई प्रगतिशील बनाउनको लागि नै बुद्धले धर्मचक्र सूत्र देशना गर्नुभएको हो । तर आजभोलि प्रगतिशील शब्द प्रयोग गर्दा राजनैतिक दृष्टिले हेर्ने गर्छन् । बुद्धको सिद्धान्त अनुसार गतिशील हुनका लागि मानिसमा प्रज्ञा चक्षु, प्रज्ञा ज्ञान अर्थात् सम्यक दृष्टि र सम्यक संकल्प हुनु अति आवश्यक छ । राम्ररी भन्ने हो भने बुद्धद्वारा देशना गरिएको धर्मचक्र शिक्षामा अन्धविश्वास, जातिभेद, परम्परागत कुसंस्कार र कुसंस्कृतिको गन्ध पटक्कै छैन । त्यसैले हामीले भन्न सक्छौं– धर्मचक्र शिक्षा प्रगतिशील बनाउने शिक्षा हो । परिस्थिति अनुसार प्रगतिशील शब्दलाई गतिशील भन्नु नै समयोचित देखिन्छ ।

बुद्धको विचार अनुसार समाजमा आध्यात्मिक र भौतिक गरी दुवैतर्फबाट गतिशील विकास हुनुपर्ने देखिन्छ । तर यसरी हुन सकेको देखिंदैन । तैपनि कुनै कुनै संस्था त भौतिक रूपमा मात्र गतिशील भैरहेको देखिन्छ । हाम्रो नेपालमा त च्याउ उम्रे झैं विभिन्न संघ संस्थाहरूको संख्यामा वृद्धि भइरहे तापनि तिनीहरूमा गतिशीलताले ठाउँ लिन सकेको देखिंदैन । मुख्य कुरा त संस्थाका पदाधिकारीहरू आफू आफूमा असन्तुष्ट हुन पुग्छन् । अनि गतिशीलतालाई त्यागी गतिहीन भइदिन्छन् ।

तैपनि कुनै कुनै धार्मिक संस्थाले आफ्नो शाहसलाई समेटी गतिशील बन्न कोशिस चाहिं गरिरहेको नै देखिन्छ । ती संस्थाहरू मध्ये धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई पनि लिन सकिन्छ । किनभने यस संस्था स्थापना भएको २५ वर्ष नाघिसक्यो । तैपनि यसले आफ्ना कार्यक्रमहरू (प्रत्येक शनिवार बुद्ध शिक्षा अध्ययन कार्यक्रम संचालन गर्ने, पत्रिका र पुस्तक प्रकाशन, प्रत्येक वर्ष बुद्ध पूर्णिमाको उपलक्ष्यमा रक्तदान कार्यक्रम संचालन, समय समयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन आदि) लाई गतिशील बनाइरहेकै देखिन्छ । तर गाउँघरमा धर्मप्रचार गर्न जाने कार्यक्रममा भने केही कारणवश शिथिलता आइरहेको देखिन्छ ।



Downloaded from http://dhamma.digital

यसरी नै युवा बौद्ध समूह काठमाडौंले संचालन गरिराखेको "जन-जातीमा बौद्ध ज़ागरण कार्यक्रममा अलि ढीला-सुस्ती छाएको देखिन्छ ।

फेरि ललितपुर युवक बौद्ध मण्डल (Y.M.B.A.) ले पनि प्रत्येक शनिवार संचालन गरिराखेको प्रवचन कार्यक्रम र वर्षको एक पटक विशेष पत्रिका प्रकाशन गर्ने कार्यक्रमलाई गतिशील नै बनाइरहेको देखिन्छ ।

त्यस्तै धरान युवा बौद्ध साथी, युवा बौद्ध संघ तानसेन, पोखरा युवा बौद्ध संघ र भक्तपुर युवा बौद्ध पुचः तथा मैत्रीय युवा बौद्ध संघ पनि हालसम्म गतिशील नै देखिन्छ । त्यस्तै पोखरा मैत्री संघले आशातीत रचनात्मक कार्य गरिरहेको गतिशीलको चिन्ह भन्न सकिन्छ ।

बुद्धको धर्मचक्र सूत्रले दिएको शिक्षा पनि चरित्र सुधारमा गतिशील हुनु हो । तर राष्ट्रिय बौद्ध संस्था धर्मोदय सभा स्थापना भएको पचासौं वर्ष बितिसक्यो । तैपनि यस संस्था राष्ट्रिय बौद्ध सम्मेलन एउटामा मात्र सीमित भएर रहनु गतिशील हुन नसक्नुको चिन्ह हो र यो दुःख लाग्दो कुरो पनि हो । शुरू शुरूमा त यस संस्थाले धर्मोदय पत्रिका र पुस्तक प्रकाशन गरी खुब प्रगति गरेको थियो । यो कार्य पछि सेलाएर गयो । तैपनि हाल आएर महिनाको एक पटक प्रवचन कार्यक्रम र चार महिनामा एक पटक धर्मोदय पत्रिका प्रकाशन भैरहेको खुशीको कुरो हो । त्यस्तै २०१३ सालमा चौथो विश्व बौद्ध सम्मेलन र पछि १४ औं (चौधौं) विश्व बौद्ध सम्मेलनको आयोजना गरेको धर्मोदय सभाको देनलाई विर्सन सकिदैन । किनभने धर्मोदय सभाद्वारा आयोजित यी दुई विश्व बौद्ध सम्मेलनले नेपालको प्रतिष्ठा बढेको छ र बुद्ध जन्मभूमी नेपाल हो भन्ने कुरोलाई यसले प्रचार गरेको छ ।

अन्त्यमा आषाढ पूर्णिमाको महत्त्वबारे विशेष चर्चा गरिएको यस विषयले बुद्धका शिष्यहरू हामी सबै गतिशील बन्नका लागि आषाढ पूर्णिमाको प्रेरणालाई प्रतिक्षण सम्झी यसलाई अभ्यास गर्न सकोस् भनी कामना पनि गर्दछु । ■



Downloaded from http://dhamma.digital

# वर्षावास र कठीन चीवर दान महोत्सव

भगवान बुद्धले विना कारण कुनै पनि नियम बनाउनु हुन्न । त्यसैले भिक्षुहरूलाई ३ महिना अवधिभर एकै स्थानमा वर्षावास बस्नुपर्ने नियम बनाइनुको पनि कारण छ । वर्षावास बस्नुपर्ने नियम जैन साधुहरूको अपवाद स्वरूप बनाइएको नियम हो । किनभने जैन साधुहरूले वर्षावासको ३ महिनासम्म एउटै स्थानमा बिताउने गर्दा रहेछन् । त्यस समय सडकहरू पीच गरिएका थिएनन् । त्यसैले वर्षायाममा पानी परेको बेला खेतहरूबाट थुप्रै कीराहरू निस्किरहन्थे । तर बुद्धका शिष्य भिक्षुहरू धर्म प्रचारार्थ गाउँ गाउँमा खेतका आली आलीबाट चारिका गर्न जानुपर्थ्यो । यसरी जानुहुँदा त्यहाँ थुप्रै धानवालीहरू मात्र नास हुने होइन थुप्रै कीराहरू पनि कुल्चिएर गर्थे । यस्तो दृश्य देखेपछि जैन साधुहरू लगायत अन्य मानिसहरूले पनि बुद्धका शिष्य भिक्षुहरूलाई आलोचना गर्दै कराउन थाले– “बुद्धका यी शिष्य भिक्षुहरू वर्षाकालमा पनि चारिका गर्दै हिंड्दा रहेछन् । कस्ता भिक्षुहरू हुन् यिनीहरू ?”

यस्ता अपवादहरूबाट बच्नका लागि बुद्धले भिक्षुहरूका लागि वर्षाकाल ३ महिनासम्म एकै स्थानमा रहनुपर्ने नियम बनाइदिनुभयो । यस नियमबाट तल उल्लेख गरिएका फाइदाहरू प्राप्त हुनेभयो–

(१) वर्षाबाट बचेर निरोगी बन्न सक्नु ।

(२) एकै स्थानमा ३ महिनासम्म बिताउन पाउँदा ध्यान भावनाको अभ्यास गरी चित्त एकाग्र पार्न मद्दत पुग्नु ।

(३) यसरी ३ महिनासम्म एकै स्थानमा रहँदा गृहस्थीहरूलाई धर्म उपदेशहरू दिन सुविधा मिल्ने ।

(४) वर्षाकालमा चारिका गर्दै हिंड्यो भनी अरूहरूबाट लगाइने आरोपहरूबाट बच्न सकिने ।



Downloaded from http://dhamma.digital

यी सबै फाइदाहरूको अनुमान गरेर बुद्धले आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमासम्म (जम्मा ३ महिना अवधिभर) भिक्षुहरूले वर्षावास बस्नुपर्ने नियम बनाइदिनु भयो । यसरी वर्षावास बस्ने बेला भिक्षुहरूले **"इमं तेमासं इमस्मिं विहारे वस्सं उपेमी"** भनी अधिष्ठान पनि गर्नुपर्ने नियम छ ।

तर यस नियमलाई पालन गर्दै वर्षावास बसिरहेका भिक्षुहरूलाई अर्को समस्या उत्पन्न हुन थालेछ । वर्षावास बसिरहेका भिक्षुहरूले (३ महिनासम्म वर्षावास बसेको) विहारबाट बाहिर जान नमिल्ने नियमले गर्दा उहाँहरू आफ्ना आमा-बुबाहरू बिरामी पर्दा समेत हेर्न जान र सेवा सुश्रुषा पुऱ्याउन सक्नुभएन । यस्तो आपद परेपछि मानिसहरूले यसरी आलोचना गर्न थालियो– "कस्तो अचम्मको नियम हो यो ? आफ्नै आमा-बुबा बिरामी पर्दा पनि सेवा गर्न जान नपाउनु । त्यतिमात होइन धर्म पिपासु श्रद्धालु भक्तजनहरूलाई धर्म सम्बन्धी ज्ञान प्रचार गर्न जान पनि नपाउनु ।"

यस्तो विभिन्न अपवादहरू सुन्नमा आएपछि रूढीवाढी बिरोधी प्रजातन्त्र प्रेमी बुद्धले फेरि वर्षावास बस्नुपर्ने नियममा फेरबदल गर्नुभई यस्तो नियम बनाइ दिनुभयो- "वर्षावास बस्नुभएका भिक्षुहरूले वर्षावासको ३ महिना अवधि भित्र कुनै कारणवस आफ्ना आमा-बुबा बिरामी परेको खण्डमा बिरामी आमा-बुबालाई सेवा गर्न जान मिल्छ र धर्म प्रचारार्थ पनि बाहिर जान मिल्छ । तर बाहिर गएर सातदिन भित्र वर्षावास बसेको विहारमा फर्किनु पर्छ । वर्षावास अवधि भित्र बाध्य भएर बाहिर जान परेको खण्डमा यसरी अधिष्ठान गरेर मात्र बाहिर जानुपर्छ– **"सचे मे अन्तरायो नभविस्सं सत्ताहब्भन्तरे निवत्तिस्सं ।** अर्थात् - यदि मलाई केही बिघ्न बाधा आएन भने हप्ता दिन भित्र फर्किने छु ।"

यसका अतिरिक्त बुद्धले वर्षावास बस्ने भिक्षुहरूका लागि यी नियमहरू पनि बनाइदिनु भएको रहेछ । "वर्षावास बसिसकेपछि चतुप्रत्यय [चीवर, पिण्डपात्र (खाना), बस्ने ठाउँ र औषधि आदि] को



Downloaded from http://dhamma.digital

व्यवस्था हुन सकेन भने, वर्षावास बसेको स्थानमा दुर्भिक्ष भएमा, चोर आदिको भय रहेमा, बाढी आएमा, आगलागी भएमा, आदि विभिन्न आपद र भयहरू आइपरेमा त्यस स्थानमा वर्षावास बस्नुभएका भिक्षुहरूले सो स्थान त्यागी अन्य सुरक्षित स्थानमा सरूवा हुन मिल्छ । यसरी यस कुराले प्रष्टाउँदछ, बुद्ध रूढीवादी र कट्टरपंथी हुनुहुन्न ।

३ महिना अवधिभर वर्षावास पूरागरी आफ्ना गुरु बुद्धलाई दर्शन गर्नका लागि जानुभएका भिक्षुहरू वर्षातको कारणले पानीले निथ्रुक्क रूझिएको हुन्थ्यो भने लगाइएको चीवर वस्त्रमा पनि हिलो लागेको हुन्थ्यो । तर त्यसबेला भिक्षुहरूसँग सिर्फ तीनवटा मात्र चीवरहरू (दुपट्टा संघाटी चीवर, उत्तरासँग र अन्तरवासक) मात्र साथमा हुन्थे । त्यसैले उहाँहरूसँग भिजेको चीवर फेर्नका लागि जगेडा चीवर थिएन । यही कारणले गर्दा बुद्धले वर्षावास बस्नुहुने भिक्षुलाई कठीन चीवर दान दिनुपर्ने नयाँ नियम पनि बताइ दिनुभयो ।

तर पछि हुँदा हुँदै कोही भिक्षुहरू चीवर लाभ गर्ने लोभमा परी एकै सालमा तीन-तीनवटा विहारमा वर्षावास बस्न थाल्यो । कसरी ? एउटा विहारमा आफ्नो जुत्ता राखिदियो, अर्को विहारमा लट्ठी राखिदियो भने अर्कोमा आफू स्वयं वर्षावास बसी चीवर प्राप्त गरे । यसरी कोही भिक्षुहरूमा यस्तो लोभीपना देखिएको कारणले गर्दा एउटा विहारमा एउटा मात्र कठीन चीवर त्यो पनि व्यक्तिलाई व्यक्तिगत रूपमा होइन भिक्षु संघलाई (चारजना भन्दा बढी उपसम्पन्न भिक्षुहरूको समूहलाई) दान दिने गरी चीवर दान दिइसके पछि मात्र फेरि संघले सबैको अनुमति लिई सम्बन्धित विहारमा वर्षावास बस्ने भिक्षुलाई सो कठीन चीवर दिने निर्णय गरिन्छ ।

उपोसथ गृहमा भिक्षु संघ जम्मा भई यसरी ज्ञप्ति (प्रस्ताव) राखिन्छ । **सुणातु मे भन्ते ! संघो ! इदं सङ्घस्स कठीन चीवरं उत्पन्नं । यदि संघस्स पत्तकल्लं, संघो इमं कठीन चीवरं तिस्सस्स भिक्खुनो ददेय्य कठीन अत्थरितुं । एसा ञत्ति ।**



Downloaded from http://dhamma.digital

एकजना भिक्षुको प्रस्ताव– भन्ते संघ मेरो सुन्नुस । यो संघलाई कठीन चीवर प्राप्त भएको छ । यदि संघ उचित सम्झनु हुन्छ भने संघले यस कठीन वस्त्र (चीवर) लाई तिष्य (फलाना) भिक्षुलाई कठीन प्रयोगको लागि दिनुस् । यो ज्ञप्ति हो ।

## कठीन दान

**सुणातु मे भन्ते ! सङ्घो । इदं संघस्स कठीन चीवरं उप्पन्नं । संघो इमं कठीन चीवरं तिस्सस्स भिक्खुनो देति कठीनं अत्थरितुं यस्मायस्मतो खमति इमस्स कठीन चीवरस्स तिस्सस्स भिक्खुनो दानं कठीन अत्थरितुं, सो तुण्हस्स । यस्स नक्खमति सो भासेय्य ।**

**दिन्नं इदं सङ्घेन कठीन चीवरं तिस्सस्स भिक्खुनो कठीनं अत्थरि तुं । खमति संघस्स तस्मा तुण्ही । एवमेतं धारयामीति ।**

भन्ते ! संघ मेरो अनुरोध सुन्नुस् । यो संघलाई कठीन चीवर (वस्त्र) प्राप्त भएको छ । संघले यस कठीन चीवरलाई तिष्य (फलाना) भिक्षुलाई कठीन चीवर प्रयोगको लागि दिन्छ । जुन भिक्षुलाई यस कठीन चीवर फलाना भिक्षुलाई दिन मञ्जुर छ भने चुप लाग्नुस् । जसलाई चित्त बुझ्दैन वहाँ विचार प्रकट गर्नुस्, बोल्नुस् ।

(सबै चुप लागिसकेपछि) यस कठीन चीवर तिष्य भिक्षुलाई उपयोगको लागि संघद्वारा दिएको छ । संघको मञ्जुर छ । त्यसैले सबै मौन हुनुहुन्छ । यस्तो मेरो धारणा छ अर्थात् म स्वीकार गर्छु ।

यसरी संघले सबैको अनुमति लिई सम्बन्धित विहारमा वर्षावास बस्ने भिक्षुलाई सो कठीन चीवर उपयोगको लागि निर्णय गरिन्छ । यसरी बुद्धले व्यक्तिगत दानलाई भन्दा सांघिक वा सामूहिक दानलाई प्रजातन्त्रात्मकलाई बढी महत्व दिनुभएको प्रष्टिन्छ । त्यसैले आफ्नो वा हाम्रो चिताएर कोही भिक्षुलाई व्यक्तिगत रूपमा दिइएको चीवर दानलाई कठीन चीवर दान भन्न सकिन्दैन ।

अर्को महत्वपूर्ण कुरो, वर्षावास अवधि– सिद्धिने बेला सबै भिक्षुहरू उपोसथ गृहमा (पार्लियामेण्टमा) जम्मा भएर पवारणा



Downloaded from http://dhamma.digital

(परस्पर क्षमायाचना वा आत्मालोचना) गरी वर्षावास पूर्ण भएको जानकारी दिइने चलन छ।

यसरी भिक्षुहरूले एक आपसमा आत्मालोचना गरी वर्षावास पूर्ण भएको जानकारी गर्दै यी वाक्यहरू पनि प्रकट गरिन्छ। यो वर्षावास तीन महिना भित्र मेरो शरीर र वचनबाट कुनै गल्ती हुन पुगेमा क्षमा गरिदिनुस्।

वर्षावास र कठीन चीवर दान भनेको भिक्षुहरूको नियम सम्बन्धी पुण्य कार्य हो। कठीन शब्दको अर्थ- "बलियो र महत्वपूर्ण" हो। तर व्यवहारमा कठीनको अर्थ गाऱ्हो हो। किन भने आश्विन पूर्णिमा देखि कार्तिक पूर्णिमासम्म एक वर्षमा जम्मा एक महिना अवधि भित्र कठीन उत्सव हुनेगर्छ। एउटा कुरो वर्षावास बस्ने भिक्षु हुनुनै पर्छ।

तर अपशोच, पछि आएर बौद्ध साहित्यमा कठीन चीवर दानको आनिसंस फलको विषयमा विभिन्न अस्वाभाविक बुट्टाहरू भरेर लेखिएको देखिन्छ।

## पवारणा

**"अज्ज मे पवारणा पण्णरसी (चातुद्दसी) अधिट्ठामि।"**

अर्थ– आज म पूर्णिमा (चतुर्दशी) को पवारणालाई अधिष्ठान गर्दछु।

**अहं आउसो! आयस्मन्तं पवारेमि दिट्ठेन वा सुतेन वा परिसङ्काय वा वदतु मं आयस्मा अनुकम्पं उपादाय, पस्सन्तो पटिकरिस्सामि।**

"आवुस। (साथी!) म आयुष्मान समक्ष अनुरोध गर्दछु, यदि मेरो शरीर वा वचनबाट केही गल्ति भएको देख्नु भो भन्ने भन्नुस कृपागरी, म त्यस्तो प्रतिकार गरूँ। सुधार गरूँ।

यसरी परस्पर क्षमा याचना गरी वर्षावास समाप्त भएको जानकारी दिने गर्छन्। ■



Downloaded from http://dhamma.digital

# समयमै होश पुऱ्याउनुस्

भगवान बुद्धले दुःखबाट मुक्त हुनको लागि बताउनु भएका आठ मार्गहरूमध्ये सातौं मार्ग सम्यक स्मृति हो । सम्यक स्मृतिले होश ठीक हुनु र जागृत अवस्थालाई जनाउँछ । हामीले बिहान उठेदेखि बेलुकी नसुतेसम्म गर्नु पर्ने कार्यहरू थुप्रै छन् । बिहान उठेर आफ्ना नित्य कार्यहरू शौचालय जानुदेखि लिएर हातमुख सफा गरी खाना खानु अघि विभिन्न कार्यहरू गर्नु पर्दछ । जुनसुकै कार्य गर्दा पनि होशियारीपूर्वक र सतर्कता अपनाउँदै ती कार्यहरू गर्नु पर्दछ । सुत्दाखेरी पनि होशियारीपूर्वक नै सुत्नु पर्दछ । आफ्नो जीवन सुरक्षा गर्ने हो भने जहाँ पायो त्यहाँ सुत्नु हुँदैन । सुत्दाखेरी तन्ना बिछ्यौनाहरू सबै सफा गरेर सुत्ने बानी बसाल्नुपर्छ । अन्यथा कीट पतंग र सर्प आदि विषालु प्राणीले टोक्ने डर हुन्छ ।

बाटोमा हिंड्दा पनि होशियारीपूर्वक हिंड्नु पर्दछ । होश पुऱ्याउनु सकेन भने साइकल, मोटरसाइकल र मोटर आदिमा ठक्कर खाने डर हुन्छ । त्यति मात्र होइन, खाल्डो आदिमा खस्ने र फोहरहरू कुल्चिन सक्छ । खाना खाने बेला होश पुऱ्याउन सकेन भने खानाका साथै रौं, कंकड, बालुवा र झिंगा जस्ता फोहोर पदार्थहरू पनि निल्न पुग्छौं । पुस्तक पढ्दा होश पुऱ्याउन सकेनौं भने आफूले कुन विषय पढें, त्यसको शीर्षक पनि सम्झन नसक्ने हुन्छौं ।

आफूले बोल्ने बेलामा होश पुऱ्याउन सकेनौं भने आफ्नै बोलीबाट प्रतिकूल परिणामहरू निस्की आफैंले बेइज्जती भोग्नु पर्ने हुन्छ । तब मात्र निन्द्राबाट बिउँ झैं जस्तै भई होश ठीक ठाउँमा आई आफ्नै बोलीप्रति पश्चाताप मान्दै बेकारमा बोलेछु, धत्तेरीका भन्दै टाउकोमा हात राखी बस्नु पर्ने हुन्छ ।



Downloaded from http://dhamma.digital

कतै जाँदाखेरि पनि के कामको लागि जाँदैछु, राम्रो ठाउँ हो वा होइन, त्यहाँ गएर भलो हुने हो वा होइन आदि विषयमा पहिल्यै ठीक तरिकाले होश पुऱ्याउनु पर्दछ । कहिलेकाहीं अपवाद स्वरूप नराम्रै ठाउँ भएको थाहा पाए पनि बाध्य भएर जानै पर्ने अवस्था पनि आइपर्छ ।

खाना पकाउने बेला होश पुऱ्याउन सकेन भने कहिलेकाहीं दुई पटक पनि नुन हालिन्छ भने कहिले नुन हाल्नै बिर्सिने पनि हुन्छ । होश पुऱ्याउन सकेन भने जतिसुकै विद्वान भए पनि उसको जीवनमा अनर्थपूर्ण घटनाहरू घट्न सक्दछ ।

भगवान बुद्धले मानिसहरूको शुद्धि र उन्नति तथा दुःखबाट मुक्त हुनका लागि चार स्मृतिप्रस्थान अर्थात् चार प्रकारका होशबारे धर्म उपदेश दिनु भएको छ ।

(१) कायानुपस्सना - हातखुट्टा आदि शरीरका अंग प्रत्यंगको गतिविधिबारे होश राख्ने अर्थात् सजग र सतर्क भइरहने । सतर्क हुनु अर्थ नै अनर्थ कार्यहरूबाट संयमपूर्वक बच्ने ।

(२) वेदनानुपस्सना - आफूले अनुभव गरिरहेको सुख र दुःखलाई महसुस गर्दै सन्तुलनमा राख्ने र त्यसैमा लिप्त नहुने ।

(३) चित्तानुपस्सना - आफ्नो मनमा के कस्ता कुराहरू उठिरहेका छन् र मन कहाँ पुग्दैछ आदिबारे सजग भइरहनु अर्थात् आफ्नो मनलाई नराम्रा पक्षहरूबाट हटाउने र नियन्त्रण गर्ने कार्यलाई चित्तानुपस्सना भनिन्छ । तर यसरी मनलाई नियन्त्रण गर्ने कार्य त्यति सजिलो भने छैन । आफ्नो मनलाई नियन्त्रण गर्न नसकेकोले नै मानिसहरू अनर्थ कार्यहरू गर्दै हिंड्छन् ।

(४) धम्मानुपस्सना - धर्म अनुसार होश राखी, ठीक बेठीक छुट्टाउँदै ठीक कार्य मात्र गर्न सक्नु । अर्थात् अनित्यताबारे होश राख्न सक्नु नै धम्मानुपस्सना (धर्मानुपश्यना) हो ।

साधारण सम्यक स्मृति व्यवहारिक रूपमा बुझ्नका लागि यहाँ एउटा उदाहरण प्रस्तुत गर्दैछु ।



Downloaded from http://dhamma.digital

प्रेम विवाह गरी एक नवदम्पत्ति एउटा नयाँ भवनको एक तल्ला बहालमा लिई बस्न थालेछन् । ती जोडी खूब स्नेह र प्रेमपूर्वक रहन थालेछन् । दुवैजना एउटै थालमा खाई सधैं मुसुमुसु हाँसी आनन्दपूर्वक जीवन निर्वाह गरिरहेका थिए । उनीहरूको त्यस रमाइलो जीवनदेखि घर पति बूढोलाई नै लोभ लाग्न थाल्यो । किनभने उसको पालोमा अरूको अगाडि आफ्नी पत्नीसँग एकछिन मुख हेरेर कुरा गर्न पनि लाज हुन्थ्यो । तर आज भोलिको जमाना बदलिसकेको छ के गर्नु ।

६, ७ महिनापछिको कुरो । अचानक एक दिन ती नवदम्पत्तिको बीच झगडा परेको कुरो घरपति बूढाले थाहा पाएछ र यसको कारण सोध्दा युवतीले भनिन्छ– "हेरन साहुजी मेरो श्रीमान्ले मेरो छोरोलाई वकिल बनाउने रे । वकिलको जीवन त पापी जीवन पो हो । यसले त धर्मात्मालाई पनि पापी बनाइदिन्छ भने पापीलाई धर्मात्मा बनाइदिन्छ । निर्दोषीलाई दोषी र दोषीलाई निर्दोषी । त्यसैले यस्तो वकिल जीवन मलाई मन पर्दैन । मैले त मेरो छोरोलाई डाक्टर बनाउन चाहन्छु ।"

घरपति बूढो– "तपाईंहरूको विचार त सुनें । तपाईंहरूको छोरोको के विचार रहेछ, त्यो पनि त सोध्नु पऱ्यो निं । खोई नि छोरो ?"

युवती– "छोरो त मेरो पेटमै छ नि । जन्मिने बेला नै भएको छैन ।"

यो कुरा सुनी घरपति छक्क परेछ । कस्तो बेहोशी दम्पत्ति यिनीहरू । जन्म नै नलिएको बच्चाको बारे पनि कत्रो कल्पना र झगडा । बेहोशीपनाले गर्दा आफ्नो प्रेम विवाह र प्रेमपूर्ण जीवनलाई नै बिर्सिदियो । यसरी जोशमा होश गुमाउँदा दुःख र अशान्ति त हुन्छ नै ।

चित्तानुपस्सनाको अर्थ बुझाउनको लागि पनि बुद्धकालीन एउटा घटना प्रस्तुत गर्दैछु ।

एकजना भिक्षुलाई कुनै एक श्रद्धावान् व्यक्तिले एउटा चीवर (पहेंलो वस्त्र) दान दिएको रहेछ । गुरुले त्यस चीवर अरूलाई नै दिन भनेछन् । तर त्यस भिक्षुलाई गुरुको आदेश चित्त बुझेनछ र भनेछ– "यो चीवर मेरो मामाले पठाइदिनु भएको । म त यो चीवर अरूलाई दिन चाहन्न ।"



Downloaded from http://dhamma.digital

त्यस समयमा भिक्षुले गुरुलाई पंखा हम्किरहेको थियो । पंखा हम्कँदै गरेको भिक्षुको मनमा यसरी कुरा खेल्यो– “म यस चीवर अरूलाई दिन्न । बरू म गृहस्थी हुनेछु । अनि यस चीवर बेचेर प्राप्त भएको रकमले कुखुराका चल्लाहरू किन्छु । चल्लाहरू पालेर हुर्केपछि त ती कुखुराहरूले प्रसस्त फुल पार्नेछन् । अनि त क्या मज्जा ! फुल बेच्दै पैसा कमाउँछु । त्यही पैसाले बाख्रा किन्नेछु । बाख्रा पालेर थुप्रै धन कमाउनेछु । त्यही धनले एउटी केटी विवाह गर्नेछु । विवाह गरेपछि त एउटा बच्चा भइहाल्छ । अनि बच्चा र श्रीमतीलाई साथमा लिएर म गुरुकहाँ आउनेछु । गुरुकहाँ आउने बेलामा बाटोमा आउँदै गर्दा मेरी श्रीमतीले मलाई एकछिन बच्चा लिई दिनुस्न भनी भन्नेछिन् । तर म बच्चा लिन्न । मैले बच्चा नलिंदा श्रीमतीले बच्चालाई भुइँमा राख्न खोज्नेछिन् । यसरी बच्चालाई भुइँमा राखेको भनेर मलाई रीस उठ्नेछ र उनीलाई म एक थप्पड चड्काउनेछु” भनी त्यस भिक्षुले बेहोशीमै आफूले हम्काउँदै गरेको पंखाले गुरुको मुखैमा हिर्काई दिएछ । गुरुलाई हिर्काइसकेपछि मात्रै भिक्षुको होश खुलेछ । फलस्वरूप लाजले भुतुक्क भई रातो मुख लगाई गुरुको अगाडि शिर झुकाई क्षमा मागेछ । आफ्नो चित्तलाई होशपूर्वक हेर्न सकेन र नियन्त्रण गर्न सकेन भने चित्तको पछि पछि लागी अनर्थपूर्ण कार्यहरू गरिंदो रहेछ । ध्यान कमजोड भएको कारणले नै यसरी बेहोशी बनिन्छ ।

उपयुक्त घटनाहरूले स्पष्ट पार्छ कि सम्यक स्मृति भनेको हर हमेशा जागरूक र सतर्क भएर बस्नुलाई भनिन्छ । सम्झने शक्तिलाई मात्र सम्यक स्मृति भनिने होइन । तर आजभोलिको भाषामा सम्झनुलाई नै स्मृति भन्ने चलन छ । तर पालि साहित्यमा वा बुद्धको जमानामा सति (स्मृति) शब्द सतर्क भइरहनुको अर्थमा प्रयोग गरिराखेको छ । ■



Downloaded from http://dhamma.digital

# विवेक भए मानिस आर्य बन्नसक्छ

साधारण मानिसहरू निम्न लिखित चार अगतिगामी (पतनतिर जानु) पाप कर्मबाट मुक्त छैनन्। यी चार प्रकारका पतन हुने कार्य हुन्–

(१) इच्छा, पक्षपात आदि भेदभावको वशमा परी गर्ने नराम्रो काम,

(२) द्वेष र शत्रुताको कारण गरिने पाप कर्म,

(३) भय र धम्कीको कारण गरिने खराब काम

(४) मोह, अज्ञानताको कारण मोहित भएर गरिने नराम्रो काम

यसलाई पालि भाषामा–

**छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति**
**आपुरति तस्स यसो, सुक्क पक्खेव चन्दिमा"**

अर्थ– जुन व्यक्ति इच्छा, द्वेष, भय र मोहको वशमा पर्दैन, उसको यस कीर्ति शुक्लपक्षको चन्द्रमा झैं दिनप्रति दिन फैलिन्छ र चम्किन्छ। अर्थात् प्रगति र उन्नति हुनेछ। यो कुरा गौतम बुद्धले सिगाल नामक गृहस्थीलाई भन्नुभएको हो।

(१) पहिलो पाप हो– इच्छा, पक्षपात, आफ्नो मान्छे ठानी अनुचित ढंगले काम गर्नुपर्ने बाध्यता भई पाप कर्म गर्नु।

(२) दोस्रो– क्रोधको वशमा परी हिंसा, अत्याचार गर्नु, बदला लिने काम गर्नु।

(३) भय र धम्कीको कारण अर्थात् आफूभन्दा प्रभावशाली व्यक्तिको आज्ञा, आदेश उल्लंघन गर्न नसकी मन नलागी नलागी साक्षी बक्ने काम र अरूलाई अहित हुने काम बाध्य भई गर्नुपर्ने हुन्छ। नगरे बदला लिन्छ कि भन्ने डर हुन्छ। ठूलो देशको धम्कीले साना देशले अनुचित काम गर्नुपरेको पाइन्छ।



Downloaded from http://dhamma.digital

(४) चौथो मोहले मोहित भई बलात्कार आदि काम गर्नु धेरैजनाले अज्ञानतावश पाप कर्म गर्ने गर्छन् ।

यी चार अगतिगामी पाप कर्मबाट मुक्त हुन सके आर्य उत्तम र श्रेष्ठतम् बन्न पुग्छ । अर्थात् आर्य पुरुषले उपर्युक्त चार अगतिगामी काम गर्दैन । पतन हुने काम गर्दैनन् ।

प्रशंसा मात्र सुन्ने इच्छा भयो भने मानिस पतनतिर जान्छ । किनभने– प्रशंसाले गर्दा मानिसमा अहंकार जागेर आउँछ । घमण्डी बढ्यो भने मानिस पतन हुन्छ । उदाहणार्थ एउटा घटना–

एक जमानामा एक कविको कविताका बारेमा खूब प्रशंसा हुन थाल्यो । यस्तो कविता लेख्ने कवि जन्मेकै छैन इत्यादि । गुणगान सुनी कविको घमण्ड खूब चढ्यो । ऊ मातिन थाल्यो । उसको बुबालाई उसको स्वभाव चित्त बुझेन र विचार गर्न थाल्यो– अहिले नै चेतना नजगाए मेरो छोरा पतनतिर जान्छ । जोशमा होश गुम्छ, मोहमा डुब्छ भन्ने विचार गरी छोरालाई बोलाएर भन्यो– तिम्रो कविता ठीक छैन, अर्थ पूरा भएको छैन । यति सुन्नासाथ कविले सोच्यो– साराले मेरो कवितालाई अपूर्व राम्रो छ भनी प्रशंसा गरेका छन् तर आफ्नै बाबुले बेताल छ भनी हेलाँ गर्‍यो । मेरो नाउँ चलेको र मेरो प्रशंसा गरेको मन नपरेकोले त्यसो भनेको होला । त्यो मेरो बुबा नै होइन । उसलाई मारिदिन्छु भनी आफ्नो बुबाप्रति द्वेषभाव उत्पन्न गर्‍यो उसले आफ्नो आमालाई आफ्नो मनको कुरा सुनायो । बुबालाई भनीदिनुस् म त बाँकी राख्दिन ।

आमाले कविको बुबासँग सोधिन् किन छोराको प्रशंसा नगरी उसको कवितालाई हेलाँ गर्नुभएको ? छोरालाई मन पराउनु हुन्न ?

कविको बुबाले भन्यो– के कुरा गर्छौ ? एक्लो छोरालाई किन मन नपराउनु ? सबैले प्रशंसा मात्र गरेकाले छोराको स्वभाव बिग्रियो, ऊ अहंकारले मातेको छ । घमण्ड चढेकोले धेरै मातेको छ । त्यसले छोरालाई पतन गराउँछ । त्यसैले उसको बानी सुधार्नका लागि पो त्यस्तो भनेको ! पछि उसलाई कसले सुधार्छ ?



Downloaded from http://dhamma.digital

यसरी आमा-बुबा बीच कुरा भैरहेको कोठाको दैलो बाहिर बसेर छोरोले सुनिरहेको थियो । उसले विचार गऱ्यो– बुबालाई मार्न खोजेर मैले त ठूलो पाप कर्म पो गर्न लागेछु । बुबाले मलाई माया नगरेको होइन । मन नपरेकोले प्रशंसा नगरेको ठानेको त त्यसो होइन रहेछ । कस्तो असमझदारी भएको ? त्यो दिनदेखि प्रशंसा पाउने इच्छालाई उसले त्यागी दियो । बुबाप्रति द्वेषभाव पनि त्यागिदियो अनि शान्ति मिल्यो । पदलोलुप हुने व्यक्ति पनि यही इच्छामा पर्दछ ।

दुईटा कारणले मानिसहरू पापकर्मबाट बचेका छन् । ती हुन्– लज्जा र भय । नराम्रो काम गर्दा अरूले देख्नासाथ लाज लाग्छ र खराब काम गर्दाखेरी अरूले देख्यो भने के भन्ला भनेर डर उत्पन्न हुन्छ । यी दुईटा कारणले गर्दा मानिसहरू पापकर्म गर्नबाट बचेर बस्छन् ।

लज्जाको महत्वबारे अझ स्पष्टसंग बुझ्नको लागि बुद्धकालीन घटनात्मक कथा प्रस्तुत गर्छु ।

एकजना राजा एकजना भिक्षुको व्यवहार र उपदेशद्वारा साह्रै नै प्रभावित भए । राजाले आफ्नै दरवार नजिकै एउटा विहार बनाएर भिक्षुलाई दान दिए । त्यसपछि दिनका दिन राजाले खाना, माछा, मासुसहित भोजन दान दिने व्यवस्था पनि गरे । उनी समय-समयमा उपदेश पनि सुन्ने गर्थे । उता भिक्षुको दिनका दिन माछा, मासु खाँदा खाँदै स्वादमा पल्किए । एकादशीको दिनचाहिं मासु पाउँदैनथ्यो । आजभोलि जस्तो भित्रभित्रै मासु पाइँदैनथ्यो ।

मासु नपाउने दिन त्यो भिक्षुले नजिकको पोखरीमा गई बल्छी हाली माछा मार्ने गर्थ्यो । एकदिन धेरै समयसम्म माछा फेला परेन । दरवारबाट खाना लिएर मान्छे आए तर भिक्षुलाई देखेन । यताउता खोज्न गए, भिक्षु त माछा पो मारिरहेका छन् । भिक्षु मान्छेलाई देख्नासाथ लाजले भुतुक्क भइ बल्छी फाली अनुहार लुकाइलुकाई टाउको झुकाएर पर्खाल मुनिबाट विहार फर्के ।



Downloaded from http://dhamma.digital

दरवारबाट खाना लिएर आएका मानिसहरू यस्ता भिक्षुलाई किन खाना दिने भनेर दरवार फर्के। राजाले सोधे– किन खाना फिर्ता लिएर आएको ? विहारमा भिक्षुजी हुनुहुन्न ?

दरवारीया मानिसले भने– त्यो त भिक्षु नै होइन रहेछ। ऊ त माछा मार्ने मान्छे पो रहेछ। माछा मारिरहेको हामीले नै देख्यौं। राजाले सोधे तिमीहरूलाई भिक्षुले देखेन त ? देखेको छ। हामीलाई देख्नासाथ उनले लाज मानेर बल्छी फाली शिर निहुराई विहार फर्के।

राजाले भने– त्यसो भए त्यसको भिक्षुत्व बिग्रिहालेको छैन। लाज, शर्म र भय रहुन्जेलसम्म भिक्षुत्व रहन्छ। लाज र भय नभएको व्यक्तिले जुन पनि पाप कर्म गर्न सक्छ। भगवान बुद्धले भन्नुभएको छ– संसारको अस्तित्व बचेको र रक्षा भइरहेको नै लज्जा र भय दुईटाले हो। आजभोलि त दुश्शील अर्थात् दुश्चरित्रको जमाना छ। त्यो भिक्षुमा लाज मान्ने स्वभावको गुण बाँकी छ। जबसम्म त्यो भिक्षुमा लज्जा र भय रहन्छ, तवसम्म त्यो भिक्षु बिग्रेको मानिदैन। जाउ त्यो भिक्षुलाई भोजन दिएर आऊ। विवेक, बुद्धि भए मानिस आर्य बन्न सक्छ। यहाँ हिन्दू र बुद्ध धर्मलाई आर्य भनेको होइन, गुण धर्म भएकोलाई आर्य भनेको हो। ■



Downloaded from http://dhamma.digital

# असमझदारीको कारण के हो ?

असमझदारीले गर्दा अशान्ति हुन्छ, समझदारी भएपछि शान्ति हुन्छ भन्ने कुरा सबैलाई थाहै छ । अशान्ति र कलहको बिउ नै असमझदारी हो । यही कारणले समस्या झन् झन् जटिल हुने गर्छ । समझदारीविना झैं-झगडा र समस्या हल हुन गाह्रो हुन्छ त्यसो भए असमझदारीको कारण के हो त ? अज्ञानता नै असमझदारीको कारण हो ।

असमझदारी र समझदारीको कुरो बुझ्नको लागि बुद्धकालीन घटना यहाँ प्रस्तुत गर्दछु ।

एक दिन दानको कार्यक्रममा गौतम बुद्धले उपदेश दिनुहुँदै भन्नुभयो– संसारमा दान दिने चार प्रकारका मानिसहरू छन्– (१) आफूले मात्र दान दिने अरूलाई नदिलाउने (२) आफूले पनि दिने अरूलाई पनि दान दिलाउने (३) आफूले नदिने अरूद्वारा दान दिने प्रेरणा दिने (४) आफूले पनि नदिने अरूलाई पनि दिनबाट रोक्ने । यी चार मध्ये सबैभन्दा उत्तम आफूले पनि दिने, अरूलाई पनि दिन प्रेरणा दिने व्यक्ति हो । यसो गर्दाखेरी सन्तोष र धनलाभ हुन्छ तथा सहयोग दिने मित्रहरू बढ्छन् । दिन सके मित्रता बढ्छ ।

यी कुराहरू सुनेर एकजना उपासकले विचार गर्‍यो– म आफूले पनि दान दिन्छु, अरूद्वारा पनि दान दिलाउँछु । यसरी विचार गरी भगवान बुद्ध कहाँ गएर उसले प्रार्थना गर्‍यो– भन्ते तपाईं प्रमुख भिक्षु संघ सबैलाई भोलिको भोजनको लागि निमन्त्रणा गर्दछु । भगवान बुद्धले स्वीकृति दिनुभयो ।

त्यो उपासक टोल-टोल गएर दाजुभाई दिदी-बहिनीहरू मेरो एउटा अनुरोध भोलि बुद्ध प्रमुख भिक्षु संघलाई भोजनको निमन्त्रणा दिएर



Downloaded from http://dhamma.digital

आएँ । सबैले यथाश्रद्धा सहयोग दिनु हुने आशा राखेको छु । तपाईसँग जे-जे छ, आलु भए आलु, चामल भए चामल, तेल-घ्यू भए तेल-घ्यू, दाउरा भए दाउरा दिनुस् । सबैजसोले आफू-आफूसँग जे-जे छ दिएर पठाए । यसरी माग्दामाग्दै आउँदा एकजना चामल-च्यूरा पसले साहुकहाँ पुगे । साहुसँग पनि सहयोग मागे ।

साहुले भने- तिमीले मात्र दिए भैगो नि ! किन सबैसँग मागिरहने ? अरूसँग मागेर दान दिने मान्छे कस्तो ? म त दिन्न बुद्धप्रति मेरो श्रद्धा छैन । म केही पनि दिन तयार छैन ।

त्यो उपासकले फेरि अनुरोध गरेर भने- हाम्रो टोलवासी सबैले यथाश्रद्धा दिइसके । गरीबहरूले पनि दिए । अरूलाई दिने भनेको राम्रो काम हो । दिन सके मात्र अरूबाट सम्मान पाउन सकिन्छ । मर्दाखेरी केही पनि लिएर जानु छैन । यसरी बार-बार भनिसकेपछि साहुले तीन अंगुलीले जति आयो त्यति चामल उपासकलाई दिए ।

चन्दा संकलन गर्ने उपासकले त्यो साहुजीले दिनुभएको चामल अलग्गै रूमालमा पोको पारे । आफूले दिएको चामल अलग्गै पोको पारेको देखेर साहुजीको मनमा च्वास्स पर्‍यो । यसको मतलब असमझदारी भयो । साहुले कल्पना गरे यो उपासकले मैले दिएको चामल अलग्गै पोको पारेको मेरो बेइज्जत गर्नलाई नै त होला नि ! यसरी विचार गरी आफ्नो नोकरलाई बोलाएर आज्ञा दिए– तँ त्यो उपासकको पछि-पछि गएर हेरिरहनु के-के भन्छ, के-के कुरा उठाउँछ सुनेर यहाँ आएर सुनाउनु ।

त्यो मान्छे पछि-पछि गयो । त्यहाँ भात पकाउने भाँडो लाइन राखेको रहेछ । त्यो उपासकले दुई तीन, दुई तीन गरी चामलको गेडा सबै भाँडोमा राखी दिए ।

अरू साथीहरूले सोधे के हाल्नु भएको ? एकजना साहुजीले मन नलागी नलागी चामल अलिकति दिएर पठाएका छन्, साहुजीलाई झन् बढी पुण्यलाभ होस् भन्ने विचारले सबै भाँडोमा राखिदिएको भन्यो ।



Downloaded from http://dhamma.digital

त्यहाँ गएको नोकरले उसको कुरा राम्रोसँग सुनेन र बुझेन पनि। साहुकहाँ गएर भन्यो– साहुजीले दिनु भएको चामल सबैमा हालेर खास खुस कुरा गरे भनेर सुनायो।

यो कुरा सुनेर साहुजी स्वयं आफू गइकन भोजन गराइरहेको ठाउँमा उभिइकन हेरिरहे। मेरो बेइज्जतको कुरा उठायो भने त्यो उपासकको टाउको नै फुटाइ दिन्छु भनी विचार गरिरहे।

भोजन सिद्धियो। उपासकले उठेर भन्यो– भो भगवान ! आजको भोजन कार्यक्रमलाई सारा टोलवासी, धनी, गरीव सबैले सहयोग दिए। धेरै दिनेहरू पनि छन्, थोरै दिएका पनि छन्, सबैलाई बराबर पुण्यलाभ होस् भन्ने प्रार्थना गर्दछु। दान दिने सबैको जय होस्, भलो होस् भनी शुभकामना गरे।

साहुजीले के सोचेर आएको त्यहाँ के कुरा भयो बिल्कुल उल्टो भएको देखेर साहुजी वाल्ल परे। कल्पना गरे– यी भगवान बुद्धका अनुयायी उपासकहरू उदार रहेछन्, संकुचित रहेनछन्। यिनीहरूको चित्त भन्दा मेरो मन नै संकुचित र संकीर्ण रहेछ। एक माना चामल दिनेलाई पनि तीन चार गेडा दिनेलाई पनि समान भावले पुण्य बाँडी दियो। यस्तो मत्ति राम्रो भएको उपासकप्रति द्वेष भाव राखी टाउको फोडि दिन्छु भन्ने विचार आएको ठूलो नीच भावना हो। म त साह्रै नै पापी रहेछु। त्यो उपासक समक्ष गएर क्षमा मागे।

उपासक त जिल्ल परे। कुरा नबुझेकोले वाल्ल परी बसे। पछि कुरा बुझिसकेपछि समझदारी भयो। मन आनन्द भयो। साहुजीलाई पनि असमझदारीले गर्दा अशान्ति भयो र पछि समझदारी भएपछि शान्ति मिल्यो। शान्ति ! शान्ति !! ■



Downloaded from http://dhamma.digital

# किताब पढेर मात्रै विद्वान भइन्न

साधारण रूपमा पढेलेखेकालाई विद्वान र शिक्षित भन्ने चलन छ । तर बुद्धको शिक्षा अनुसार जसको सद्व्यवहार, दिलैदेखि आफ्नो कर्तव्य सम्झी काम गर्ने र सेवाभाव रहेको व्यक्तिलाई मात्र विद्वान र शिक्षित भनिन्छ ।

तर आजभोलि शिक्षा हासिल गरेर विद्वान बन्छन् र मालिक बन्न खोज्छन् । सेवक बन्न तयार हुँदैनन् । बुद्धको शिक्षा अनुसार पहिले सेवक बन्नु, पछि मेवा खानु । मेवा खानका लागि सेवा नगर्नु । वास्तवमा पढेलेखे अनुसार सेवक बनेर ज्ञानी हुनुपर्छ । अनि मात्र ज्ञानी हुन सम्भव हुन्छ । यो कुरा बुझ्नको लागि बुद्धकालीन घटनात्मक कथा प्रस्तुत गर्छु । म त कथा भन्ने मान्छे ।

खुज्जुत्तरा घोषक श्रेष्ठकी छोरी थिइन् । कालान्तरमा ती स्यामावती महारानीकी दासी हुन पुगिन् । तिनले काम गर्ने बेला कर्तव्य सम्झी दिलैदेखि श्रद्धापूर्वक सेवा गर्ने गर्थिन् । तसर्थ खुजुत्तरालाई महारानीले विश्वास गर्थिन् र मन पराउँथिन् । महारानीलाई जुहीको फूल खूब मन पर्थ्यो । दिनदिनै फूल किन्न तत्कालीन पैसा ८ कर्षापण सुनको सिक्का खुज्जुत्तरालाई दिने गर्थे । खुज्जुत्तराले चार रूपैयाँको मात्र फूल किनेर ल्याउँथिन् । चार रूपैयाँ आफ्नो खल्तीमा राख्थिन् । एकदिन सुमन मालीले धर्मदेशनार्थ बुद्धलाई आमन्त्रित गरेको थियो । सुमन मालीले यथा श्रद्धा भोजन, दान, सत्कार, सम्मान गरेपछि गौतम बुद्धले उपदेश दिँदै भन्नुभयो– "कुनै पनि व्यक्तिले यस्तो काम गर्नु भएन, जसले गर्दा सधैं डराउँदै बस्नु पर्ला, पछि पछुताउन पर्ला, आचरण व्यवहार राम्रो भए सधैं अरूको विश्वास पात्र बन्न सकिन्छ । विश्वासघातको काम गर्नाले जीवन सुखी हुन सक्दैन । नेवारीमा एउटा उक्ति छ– "लुँ लनेगु सच्छिको, मनु लनेगु छको" अर्थात् मान्छे तौलने एकचोटी सुन तौलने सयचोटी ।



Downloaded from http://dhamma.digital

आजभोलि त यो उक्ति राजनीति क्षेत्रमा लागू हुँदैन जस्तो छ। संसदमा अविश्वास र विश्वासको प्रस्ताव आउँदाखेरी विश्वासघात हुने गर्छ। फेरि सरकार ढाल्ने काम गर्ने बेला बितेको विश्वासघात गरेको बिर्से क्षमादान दिने चलन चल्ती भइरहेको छ।

अँ लेखिरहेको बुद्धकालीन कुरा तर होश चिप्लेर गएकोले वर्तमान संसदको घटना सम्झना आयो। कस्तो होश गुमेको !

भगवान बुद्धले उपदेश दिँदै अगाडि भन्नुभयो– "राम्रो नराम्रो काम बुझ्नको लागि दृष्टि ठीक र सोझो हुनुपर्छ। हृदय पवित्र हुनुपर्छ। विश्वासपात्र बनेर बाँच्न सके मर्ने बेला आनन्दसाथ मर्न पाइन्छ। एक दिन त मर्नु पर्ने हुन्छ।"

खुज्जुत्तराले खूब ध्यान दिएर सुनिरहिन् र विचार गरिन्– "बुद्धले मलाई नै ताकेर उपदेश दिनुभएको जस्तो छ। मैले महारानीको आठ रूपैयाँमा चार रूपैयाँ नाफा खाएको थाहापाइयो जस्तो लाग्छ। मैले महारानीलाई विश्वासघात गरें। यो नाफा खाने काम गरिरहेकोले सधैं डराउँदै दिन काट्छु। महारानीले थाहा पाएको खण्डमा मलाई बाँकी राख्दिनन्। यो मेरो व्यवहार त राम्रो भएन। एक दिन त सबै छाडेर मर्नु पर्दोरहेछ। मैले दिनका दिन ४ रूपैयाँ नाफा खाइरहेको बानी छोड्न सकिन भने मर्ने बेलामा पनि सम्झिरहन्छु। तसर्थ यो नराम्रो बानी आजदेखि नगर्ने र बुद्धको शिक्षा अनुसार इमान्दारी बनेर महारानीको सेवा गर्ने सम्यक संकल्प आयों।"

खुज्जुत्तरा खुरूक्क उठेर फूल किन्न गइन्। उसले आठै रूपैयाँको फूल किनेर महारानीलाई दिइन्। महारानीले धेरै फूल देखेर सोधिन्– खुज्जुत्तरा आज यति फूल कहाँबाट आयो ? फूल धेरै देखेर महारानी खुशी भइन्।

खुज्जुत्तराले भनिन्– हजुर, तपाईंले नै दिनुभएको पैसाको हो।

महारानी– मैले त दिएको थिएन नि ?



Downloaded from http://dhamma.digital

खुज्जुत्तरा– महारानी, क्षमा माग्दछु । तपाईंले दिनुभएको आठ रूपैयाँमा चार रूपैयाँको मात्र फूल किनेर ल्याएको थिएँ। आधा मैले लिने गर्थें । त्यही बचेको पैसाको फूल किनेर ल्याएको हुँ । मैले अपराध गरें । हजुर ।

खुज्जुत्तराको सत्यवादिताबाट महारानी प्रभावित भइन् । खूब खुशी भएर भनिन्– उत्तरा ! तिम्रो अपराधलाई क्षमा भयो । तर तिम्रो हृदय कसरी परिवर्तन भयो र आफ्नो गल्ती महसुस भयो ?

खुज्जुत्तराले बुद्धबाट शिक्षा लिएर हृदय परिवर्तन भएको कुरा सुनाइन् । पछि महारानीले विचार गर्न थालिन् यस्ती अनपढ, अक्षर नजानेकी दासीले भगवान बुद्धको उपदेश सुनेर बोध भइन् र बुझेर व्यवहारमा उतारिन् भने यो त ठूलो कुरा हो । बुद्धको शिक्षा कति कल्याणकारी रहेछ अहो । बुद्धको उपदेश खुज्जुत्तराबाट सुनेर भाग्यमानी बनौं र जीवन सुखमय बनाऔं । महारानीले खुशी हुँदै भनिन्– खुज्जुत्तरा ! तिमी आजदेखि दासित्वबाट मुक्त भएर दरवारको परिवारको सदस्य भयौ । तिमी दिनका दिन भगवान बुद्धकहाँ ज्ञानको उपदेश सुनेर हामीलाई पनि सुनाउनु आउनु । त्यो दिनदेखि दासी महारानीहरूको गुरु बनिन् । खुज्जुत्तराले ज्ञान बाहिरबाट प्राप्त गरिन् र भित्रैबाट बुझेर ज्ञानी भइन् । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# निन्दाबाट बच्ने कोही छैन

संसारका धेरैजसो मानिसहरूको स्वभाव हो अर्काको दोष मात्र देखिरहनु, अर्काको निन्दा मात्र गरिरहनु। बुद्धको विचारमा अर्काको दोष देख्नुभन्दा पहिले त्यस्तो दोष आफूबाट पनि भएको छ कि छैन हेर्नुपर्छ आफू निर्दोष छ कि छैन भनेर हेर्नु र विचार गर्नु नै शान्तिको बाटो हुनेछ। तर यतातिर मानिसहरू त्यति जाँदैनन्। उल्टो अरूले के गरेको छ छैन भन्नेतिर मात्र चासो राख्ने गर्छन् यो एउटा विश्वको ठूलो भयंकर सरूवा रोग भएको छ। राजनीति क्षेत्रमा पनि प्रजातन्त्रको नाउँमा आफूले जे पनि गर्न हुने, घुसखोर, कमिशनखोर आदि गर्ने तर अरूले जनहितका काम गरे पनि अप्रजातन्त्र हुने, यो कस्तो संस्कार हो ? आफूले समाजसेवा र जनहितका काम गर्न सकिएन भन्दैमा समाजसेवा र जनहितका काम गरिरहेकाहरूप्रति किन नचाहिने अनर्गल लांछना र दोष थोपार्ने ?

कसै कसैको जन्मेदेखि लिएर आएको दाइजो जस्तै अर्काको दोष र कमजोरी हेर्ने बानी बसेको पाइन्छ। कसरी यस्तो बानी र संस्कार बस्यो। यसको बारे अनुसन्धान (रिसर्च) गर्नेहरू देखा परेका छैनन्। पेट र टाउको चिरफार गर्ने डाक्टरहरू यहाँ छन् तर यस्तो अर्काको दोष मात्र खोज्ने मनोवृत्ति कसरी उत्पन्न भयो र यस सम्बन्धी पी.एच.डी. गरेर डाक्टर बनेका कोही देखिँदैनन्। धर्म प्रचारार्थ कथा भनिराख्नेहरूमा पनि अर्काको दोष खोज्ने बानी विद्यमान छ। मेरो भनाइको मतलब यो होइन कि सुधारको लागि कमजोरी देखाइ दिनु हुन्न भन्ने होइन। दोष त देखाइ दिनुपर्छ तर रचनात्मक दृष्टिकोणले हुनुपर्छ। अन्यथा काम गर्नेहरूमा जोशमा होश गुम्ने सम्भावना हुन्छ। बुद्धको विचारमा विरोध गर्नेहरू भएकोले नै बुद्ध हुन सकेको हो। विरोध भएकोले सजक र सतर्क भएर काम गर्नलाई बल मिलेको हो, मन बलियो भएको हो तर विरोध रचनात्मक भए सुनमाथि सुगन्ध हुनेछ।



Downloaded from http://dhamma.digital

अर्काको दोष मात्र देख्ने बानी भएका व्यक्ति बुद्धको पालामा पनि थिए। उदाहरणार्थ अतुल नाम बुद्ध भक्ति उपासकको घटना यहाँ प्रस्तुत गर्नु उपयुक्त होला।

भगवान बुद्ध धेरैजसो श्रावस्तीमा बस्नुहुन्थ्यो। त्यसबखत त्यहाँ अतुल नामक उपासक थियो। तर ऊ उपासकहरूको नाइके वा नेता बन्न इच्छुक व्यक्ति रहेछ। गुण धर्मले नाइके होइन। एक दिन त्यो अतुल उपासक दर्जनौं उपासक साथीहरू साथ लिएर कथा सुन्न भिक्षु रेवतकहाँ पुगे। त्यसवखत भिक्षु रेवतले कुरा नगर्ने प्रतीज्ञा गरिबसेको रहेछ। अतुल उपासक नाइके भिक्षु रेवतकहाँ गएर प्रार्थना गरेर भने– यी नयाँ अज्ञानी केही नजानेकाहरूलाई ज्ञानको कुरा र शिक्षा दिनुहोस्।"

भिक्षु रेवतले कुरा नगर्ने भन्ने संकेत गर्नुभयो। लाटोको भाषा बोल्नुभयो भनेर अतुल उपासक रिसायो। भिक्षु भएर पनि कथा नभन्ने कस्तो भिक्षु! हामी घरको काम छोडेर धर्मको कुरा सुन्न यहाँ आएको त कुरा गर्नु भएन। केही न केही भन्नु पर्ने भनेर दोष दिंदै महास्थविर सारिपुत्र कहाँ पुगे। त्यहाँ गएर बन्दना गरेर प्रार्थना गर्दै भने, यी अज्ञानीहरू लिएर भिक्षु रेवत कहाँ गएको त उनी त लाटो रहेछन्। केही बोल्नु भएन। कस्तो स्वभावको ? कथा भन्न नजान्ने भिक्षुको के काम ? त्यसैले तपाईले कृपा गरेर यी अज्ञानीहरूलाई केही ज्ञान र शिक्षात्मक उपदेश दिनुस्।

महास्थविर सारिपुत्रले उच्चस्तरीय अभिधर्मको उपदेश दिनुभयो। मतलब चित्तको बारेमा व्याख्या गर्नुभयो। चित्त लोभ र द्वेष सहगत दुईथरी छन्। चित्त कसरी शुद्ध हुन्छ, कसरी अशुद्ध हुन्छ इत्यादि मतको बारे अलि लामो उपदेश दिनुभयो।

अभिधर्मको कुरा अतुल उपासकले बुझेन। अतुल उपासकमा पक्का ज्ञान नै छैन। नाइके बन्ने महत्त्वाकांक्षा रहेको रहेछ। त्यहाँबाट पनि असन्तुष्ट भई सारिपुत्र महास्थविर ठूलो विद्वान र राम्रो तरिकाले कथा भन्न जान्ने भनेको सुनेको त होइन रहेछ। कथा भन्नुभएको केही



Downloaded from http://dhamma.digital

पनि बुझिन, कति लामो कथा। भुतु भुतु कराउँदै भिक्षु आनन्द कहाँ गए। त्यहाँ गएर भने कि– यी अज्ञानीहरू लिएर भिक्षु रेवत कहाँ गयौं। वहाँले केही पनि बोल्नु भएन। सारिपुत्र महास्थविर कहाँ गयौं त उहाँले धेरै लामो कथा भन्नुभयो तर केही बुझेनौं। अब तपाईंले यी अज्ञानीहरूलाई काम लाग्ने राम्रो कथा भन्नुस्।

भिक्षु आनन्दले संक्षिप्तरूपमा कथा भन्नुभयो। पेट नभर्ने गरी खाना खाए जस्तै एकदम छोटकरीमा कथा भन्नुभयो। वहाँलाई पनि दोष दिंदै कराउँदै भगवान बुद्धकहाँ गएर भएको सबै कुरा सुनाए। भगवान बुद्धले उसलाई भन्नुभयो–

**पोराणमेतं अतुल नेतं अज्जतनामिव**
**निन्दन्ति तुन्हिमासीनं निन्दन्ति बहु भाणितं**
**मित भाणम्पि निन्दन्ति नत्थिलोके अनिन्दितो।**

हे अतुल यो अहिलेको मात्र कुरो होइन। कुरा नगर्नेलाई पनि, धेरै कुरा गर्नेलाई पनि, ठीक मात्रामा कुरा गर्नेलाई पनि निन्दा गर्छन्। यो पुराणकालदेखि चलिआएको संस्कृति हो निन्दा प्रसंसा गर्ने। निन्दाबाट मुक्त हुने कोही छैन। ■



Downloaded from http://dhamma.digital

# बुद्धको चित्त एकाग्रता

गौतम बुद्धले दुःखबाट मुक्त हुने शान्तिको आठवटा बाटो बताउनु भएको थियो । तीमध्ये सबैभन्दा पछिल्लो बाटो हो सम्यक समाधि अर्थात् ठीकसँग चित्त एकाग्रता हुनु । चित्त एकाग्रता भनेको त चोरमा पनि छ । मुसा समातेर खाने बिरालोमा पनि छ । अर्काको वस्तु चोर्नलाई चोरको चित्तमा खूब एकाग्रता हुन्छ । यो सम्यक समाधि होइन मिथ्या समाधि हो । राम्रो काममा चित्त एकाग्र हुनुलाई मात्र सम्यक समाधि भनिन्छ । अन्तर्मुखी हुने ध्यान अभ्यास गरेर तालीम प्राप्त भएपछि चित्त बलियो हुन्छ । अनि समाधि ठीक हुन्छ । समाधि बलियो र शुद्ध भएपछि आ-आफ्नो कुसंस्कार छोड्दै लानुपर्छ कुसंस्कार धेरै खतरा छ । त्यसैले आसक्त हुने बानी भनेको कुनै लाभप्रद छैन ।

सम्यक समाधि भएपछि महत्त्वाकांक्षी, पदलोलुप, अर्काको दोष खोजी हिंड्ने र धेरै कुरा गर्न बानी हुँदैन । समाधि बलियो भएपछि सुख-दुःख, निन्दा, प्रशंसा, लाभ, हानीदेखि निराश भएर विचलित हुँदैन । यस्तो समाधि महापुरुषमा मात्र पाइन्छ । बुद्धमा भएको चित्त एकाग्रता पालि साहित्यले उल्लेख गरेको छ । भगवान बुद्ध पनि अष्टलोक धर्म (लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख, दुःख) बाट बच्न सक्नु भएन । बुद्ध जीवनी अनुसार बुद्धले धेरै नै निन्दा र अपमान सहनु पर्ने घटनाहरू र षडयन्त्रहरू घटे । बुद्धलाई भएको लाभ, सत्कार, कीर्ति र प्रशंसा देखेर तीर्थकरहरूले सहन सकेनन् । डाह र इर्ष्याले छटपटिएका अबौद्धहरूले के के गरेर बुद्धको बद्नाम गर्ने भन्ने विषयमा षडयन्त्र रच्न सल्लाह गरे ।

एकजनाले प्रश्न गर्‍यो बुद्धले के बिगारेको छ र हामी बिरोधी हुने ?



Downloaded from http://dhamma.digital

जवाफ आयो– बुद्धले शीलको कुरा बताइरहेको छ। शील भनेको के हो ? सदाचार हो। यो त राम्रै कुरा हो। यो त हामीलाई पनि चाहिने कुरा हो। यस कुरामा बुद्धको बिरोध गर्ने ठाउँ छैन।

अर्को दोष बुद्धको के छ ? जसबाट बुद्धको प्रभाव नाश गर्न सकौं।

बुद्धले समाधिको उपदेश दिइरहेको छ।

समाधि भनेको के ?

चित्त एकाग्रता।

यो पनि राम्रै कुरा हो। यसलाई लिएर हामीहरू बुद्धको विरोध हुनु हुँदैन।

अर्को के छ बुद्धको दोष ?

बुद्धले प्रज्ञाको कुरा बताइरहनु भएको छ।

जहिले पनि होश राखेर सतर्क भएर राम्रोसँग बुझेर काम गर्दै लाने। यो त झन् राम्रो कुरा हो। यसमा हामी बिरोधी हुनु हुँदैन।

अरू कुनै दोष छ बुद्धको ?

केही छैन।

उसो भए यो काम (बुद्धको निन्दा गर्ने काम) सफल हुँदैन।

सम्यक समाधि अर्थात् आध्यात्मिक उन्नति नभएको कारण डाह र इर्ष्याले छटपटिएका तीर्थकहरूले अठोट गरे कि केही न केही गरेर बुद्धको बदनाम नगरी भएन। एउटी राम्री तरूनी केटीलाई पैसा दिएर तालीम गराई दिन दिनै बुद्धकहाँ पठाइदिए। तिनी खुब नक्कल झक्कल गरेर जाने गर्थिन्। अनि शहरमा कराउँदै हिंड्थिन् मेरो कस्तो भाग्य कस्तो मोज ! जेतवन विहारमा सुत्ने म। ती स्त्री (चिंचामाणविका) ले विस्तारै पेटमा कपडाले बेरेर पेट ठूलो पार्दै लगिन्। नौ महिना भएपछि पेटमा काठको टुक्रा मासु काट्ने अचानो राखेर कपडा कसेर तिनी विहारमा गइन्। त्यो दिन धेरै भिक्षु, भिक्षुणी, उपासक, उपासिका, अनाथपिण्डिक, विशाखा महाउपासिका, प्रसेनजीत राजा, बन्धुल सेनापति



Downloaded from http://dhamma.digital

सबैजना थिए । बेइज्जत गर्ने मौका यही हो भनी बुद्धको अगाडि बसेर उनीले भनी- गौतम, तपाईं उपदेश मात्र गरिरहनु हुन्छ । यो जन्मने बालकको लागि केही गर्नु पर्दैन ? प्रेसनजीत राजा, विशाखा जस्ता उपासक उपासिकाहरू छन् तपाईंका । केही न केही बन्दोबस्त गरी देऊ, बच्चा जन्मिने बेला भयो ।

बुद्ध कति पनि हडबडाउनु भएन । गम्भीरतापूर्वक मधुर हाँसो हाँस्दै बुद्धले भन्नुभयो– तिमीले के भन्न आएको ? मेरो दोष छ छैन कि त मलाई मात्र थाह छ । कि त तिमीलाई मात्र थाहा छ ।

चिंचा माणविका झूठो आरोप लगाउन आएकी भएकोले त्यहीं मूर्छा भइन् । कम्मरमा बाँधिराखेको कपडा खुकुलो भयो । तिनी गर्भिणी थिइनन् । पेटमा काठको टुक्रा राखेर गर्भिणी जस्तै भएर आएकी थिइन् । षडयन्त्र असफल मात्र होइन, तिनीहरूको कुनियतको भण्डाफोर पनि भयो । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# दार्शनिक वाल्ल पर्‍यो

रूखमाथि बस्नेलाई रिङ्गटा लाग्दैन; जमीनमा बस्नेलाई रिङ्गटा लाग्छ । बुद्ध धर्म एक जीवन पद्धति हो; अर्थात् यो वर्तमान जीवनलाई कलंकरहित बनाउने माध्यम हो । बुद्ध धर्म मृत्युपछिको सुखको लागि होइन । वर्तमान जीवन सुखी र सफल नभएसम्म भविष्य उज्वल हुँदैन । यसको लागि मानिसको चरित्र; बानी-व्यहोरा; संस्कार र रहनसहन राम्रो हुनुपर्छ । त्यसैले बुद्धको शिक्षामा शीलाचरणलाई प्राथमिकता दिइएको देखिन्छ । नैतिक बल शुद्ध हुनु नै आध्यात्मिक शक्ति हो । मन शुद्ध र बलियो हुनु मानिसको ठूलो धन र शोभा हुनु हो ।

एकजना विद्वानले बुद्धसँग सोध्नुभयो– बूढाबूढी नभएसम्म भलो हुने चीज के हो ?

बुद्धको उत्तर थियो– शील, सदाचार र आचरण शुद्ध हुनु । बुद्धले फेरि भन्नुभयो– अरूलाई अप्ठ्यारो हुने काम नगर्ने । आफूलाई र अरूलाई पनि भलो हुने काम गर्ने । यहाँनेर अरूलाई भलो हुने कामको अर्थ बहुजन हिताय हो; सर्वजन हिताय होइन । अर्को कुरा चित्त र मन शुद्ध गर्दै जाने । यी तीन कुराको पालना गर्नसके सबैको जीवन रमाइलो हुनेछ ।

यो कुरा बुझ्नको लागि चीनमा घटेको घटना प्रस्तुत गर्दैछु–

धेरै पहिलेको कुरा हो । एकजना तावलिङ्ग भन्ने भिक्षु रूखको हाँगामा बसी ध्यान समाधि अभ्यास गर्दै थियो । तसर्थ मानिसहरू उहाँलाई चराको गुँडको रक्षक भिक्षु भन्ने गर्दथे ।

एकदिन एक दार्शनिक र कवि पनि त्यही रूखमुनि पुगे । दार्शनिकको काम हो– वर्तमान जीवन ठीक नभए पनि; यो संसारको निर्माण कसरी भयो; आत्मा-परमात्मा अपार छ; परलोक र स्वर्ग-नरक जीवनको कल्पना गर्दै तर्क-वितर्क गर्दैरहने । वर्तमान जीवन सुधार गर्नेतिर वास्तै नगर्ने व्यक्तिलाई दार्शनिक भनिन्छ ।



Downloaded from http://dhamma.digital

त्यो दार्शनिकको नाउँ हो पो-चु-इ। ऊ तावलिङ्ग भिक्षु बसिरहेको रूखमुनि पुग्नेबित्तिकै "खतरा ! खतरा !!" भनेर कराउन थाल्यो।

त्यसपछि रूखमाथि बसिरहेको भिक्षु पनि "खतरा ! खतरा !!" भनेर कराउन थाल्यो।

दार्शनिकले आश्चर्य मान्दै सोध्यो– हामी जमीनमा बस्नेहरू त सुरक्षित छौं। हामीलाई केही खतरा छैन। तिमी रूखमाथि हाँगामा बसिरहेको मानिसलाई पो खतरा। तिमीले किन उल्टै खतरा भनेर कराएको ?

रूखमाथि बसिरहेको भिक्षुले भन्नुभयो– रूखमा बस्नेलाई रिङ्गटा लाग्दैन; जमीनमा बस्ने मानिसलाई रिङ्गटा लाग्छ। जसको ध्यान समाधि बलियो छ; चित्त चञ्चल छैन– उसलाई जहाँ बसे पनि खतरा छैन; जहाँ पनि सुरक्षित छ। तर, जुन मानिस चेतनाहीन छ; चित्त स्थिर छैन– त्यो मानिस ढुंगाको गुफामा बसे पनि सुरक्षित छैन।

त्यो रूखमा बसिरहेको ताव-लिङ्ग भिक्षुको निर्भिक उत्तर सुनेर पो-चु-इ छक्क पर्‍यो। उसले ताव-लिङ्ग भिक्षुसँग सोध्यो– तपाईं को ?

उत्तर– म बुद्धको शिक्षा प्रचार गर्ने बौद्ध भिक्षु हुँ।

दार्शनिक– त्यसो भए बुद्धको शिक्षा संक्षिप्तमा भन्नुस् न !

भिक्षु– नराम्रो काम नगर्ने; असल काम गर्ने र चित्त शुद्ध गर्दै जाने।

यति सुनिसकेपछि पो-चु-इ दार्शनिक निराश भयो र भन्यो– त्यो कुरा त भर्खरको ३ वर्षे बच्चालाई पनि थाहा छ। यस्तो पनि बुद्धको शिक्षा हुन्छ ?

भिक्षु– तीन वर्षे बच्चादेखि सय वर्ष पुगेको बृद्धले थाहा पाए पनि; बुझे पनि यी तीन कुराको अभ्यास गर्न र व्यवहारमा उतार्ने को छ त ?

दार्शनिकले विचार गरेर भन्यो– अहो ! बुद्धको शिक्षा राम्रो रहेछ। तर, पाप कर्म नगर्ने र राम्रो काम गर्नेहरू भए पनि चित्त शुद्ध गर्दै जानेहरू त भएजस्तो लाग्दैन। मेरो पनि चित्त शुद्ध छैन। मानिसहरूमा चित्त शुद्ध नभएकोले नै ईर्ष्या उत्पन्न हुन्छ; अर्काको खुट्टा तान्ने प्रयत्न गर्छ। रूखमाथि बस्नेलाई रिङ्गटा लाग्दैन; रूखमुनि बस्नेलाई रिङ्गटा लाग्छ। यही नै चित्त अशुद्ध भएको चिन्ह हो। ■



Downloaded from http://dhamma.digital

# कर्तव्य पालन नै धर्म हो

प्राचीन कालदेखि नै पुष्प-धूप चढाई मूर्तिको अगाडि हात जोडेर पूजा गर्नुलाई मात्र धर्म मानिदैआएको छ । भिक्षुहरूको नेतृत्वमा आयोजना हुने बौद्ध समारोहमा पञ्चशील प्रार्थनाबाट कार्यक्रम शुरू हुनेगर्छ । पञ्चशील (पाँच नियम) भनेको (क) हिंसा नगर्नु; अरूलाई दुःख नदिनु (ख) चोरी नगर्नु (ग) बलात्कार, भ्रष्टाचार, व्यभिचार नगर्नु (घ) झूठ नबोल्नु (ङ) रक्सी-जाँड आदि मादकपदार्थ सेवन नगर्नु ।

हिजो-आज बुद्धजयन्तीको सुखद् अवसरमा बुद्धको शिक्षा अध्ययन र पालन गर्नेतिर ध्यान नदिई बुद्ध मूर्तिलाई खटमा राखेर बाजागाजाका साथ शोभायात्रा गर्ने चलन बसेको छ ।

यही कार्यक्रममा एकजना बौद्धनेता ज्यापू समाजमा गई बाजागाजा सहित बुद्धजयन्तीको जात्रामा भाग लिन अनुरोध गरेछ । ज्यापू समाजले भनेछ– तपाईंहरूको पञ्चशील नियममा रक्सी-जाँड खानु हुँदैन भनेर लेखिएको र प्रचार भइरहेको छ । हामी त जाँड-रक्सी नपिइकन बाजा बजाउनै सक्दैनौं ।

त्यसैले हामी त्यसमा भाग लिन पनि सक्दैनौं ।

बौद्धनेताले फेरि भनेछन्– होइन, होइन । पञ्चशीलको प्रार्थना गर्नु र प्रचार गर्नु सैद्धान्तिक कुरा मात्र हो । रक्सी अलि अलि खाएर आए पनि हुन्छ । धेरै चाहिं खानु हुँदैन ।

यस घटनाले के स्पष्ट हुन्छ भने बुद्ध पूर्णिमा (बुद्धजयन्ती) मनाउनु औपचारिकता मात्र हो; कर्तव्य पालन गर्नु र व्यवहार राम्रो पार्नेतिर ध्यान दिनु होइन ।

बुद्धको विचार र शिक्षा अनुसार नियमपालन गरेर मात्र पुग्दैन । आफूले गर्नुपर्ने काम गर्नु र कर्तव्य पालन गर्नु अनिवार्य छ । उदाहरणको



Downloaded from http://dhamma.digital

लागि, बुद्धकालीन एकजना नियम उल्लंघन नगर्ने भिक्षुसँग सम्बन्धित एउटा घटना प्रस्तुत गर्न चाहन्छु ।

एकजना भिक्षु थियो– नियम पालनमा खूब सनक भइरहन्थ्यो । कुनै हालतमा नियम उल्लंघन गर्नुहुँदैन भनेर अड्डी कस्थ्यो । तर, कर्तव्य पालन गर्नतिर भने उसको ध्यान जाँदैनथ्यो । कोठाबाट खाट र बिछ्यौना बाहिर कौशीमा राखेर घाम ताप्ने बानी थियो । तर, बाहिर जाँदाखेरी बिछ्यौना कोठाभित्र राखेर जाने बानी चाहिं थिएन । पानी पर्दाखेरी बिछ्यौना भिज्छ भन्ने होश थिएन ।

अरू भिक्षुहरूले भन्दथे– "आउसो (साथी); तिम्रो यो कस्तो बानी हो ? बिछ्यौना कोठाबाट बाहिर ल्याउँछौ; भित्र राख्दैनौ । यो त कर्तव्य पालन भएन !" अनि त्यो नियममा ध्यान दिइरहने भिक्षुको जवाफ थियो– "मैले पाप गरेको छैन; नियम उल्लंघन गरेको छैन ।" धेरै पटक सम्झाउँदा पनि त्यो भिक्षुको अटेरिपन हराएन । अनि भिक्षुहरू गौतम बुद्धकहाँ उसको बारे उजुरी गर्न गए । गौतम बुद्धले त्यो भिक्षुलाई बोलाएर सोध्नुभयो– तिमी कोठाभित्रबाट सामान बाहिर ल्याएर फेरि भित्र राख्दैनौ रे हो ?

भिक्षुको उत्तर थियो– "हो । तर मैले पाप गरेको छैन र नियम पनि उल्लंघन गरेको छैन । मैले अरूलाई दुःख दिने काम पनि गरेको छैन ।"

भगवान बुद्धले भन्नुभयो– "तिमीले सैद्धान्तिक नियम मात्र पालन गऱ्यौ; तर व्यावहारिक कर्तव्य पालन गर्नेतिर भने ध्यान दिएनौ । नियम मात्र पालन गरेर पुग्दैन; शारीरिक परिश्रम र कर्तव्य पालन पनि गर्नुपर्छ । अनि मात्र धर्म हुन्छ, बुझ्यौ ?

त्यसपछि त्यो भिक्षुले आफ्नो गल्ती महसुस गऱ्यो र कर्तव्यपालन नै धर्म रहेछ । अबदेखि आफूले गर्नुपर्ने कर्तव्य यथासमयमा गर्नतिर तत्पर हुन्छु भनेर बुद्धको अगाडि नै प्रतीज्ञा गऱ्यो । यस घटनाबाट स्पष्ट हुन्छ– बुद्धको शिक्षा अनुसार मन चोखो र नियम राम्रो पारेर कर्तव्यपालन गर्नु नै धर्म हो । बाहिरी धूप, दीप बाली पूजा-अर्चना गर्नु सही धर्म होइन । ■



Downloaded from http://dhamma.digital

# बुद्धको चमत्कार

एक महिनाभन्दा बढी भयो; लेख लेख्नै मूड छैन; फुर्सद पनि छैन । धेरैजनाले सोध्ने प्रश्न हो– हिजोआज दृष्टिमा र जनआस्थामा किन नलेख्नुभएको ?

आजभोलि समाजमा धेरैजसो फोगटिया आलोचना, आरोप-प्रत्यारोप प्रशस्त हुने गरेको छ । तर, आत्मालोचना र मूल्यांकन भने नास्ति । त्यसैले लेखेर के नै पो हुन्छ र जस्तो लाग्छ ।

त्यसमाथि हिजो आज एउटा बौद्ध मासिक प्रत्रिकाको सम्पादन कार्यमा पनि संलग्न छु । फेरि बीच-बीचमा काठमाडौं उपत्यकाबाट बाहिर गएको गयै छु । अस्ति भर्खर भारतको बुद्धगयामा बौद्ध भिक्षुणीहरूलाई दीक्षा दिने अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको तर्फबाट भाग लिन गएको थिएँ । ११-१२ दिन त्यहीं बित्यो । लुम्बिनीमा धर्मकीर्ति विहार, काठमाडौंको तर्फबाट बुद्ध प्रमुख महामाया र प्रजापति रानीहरूको साथै सिद्धार्थ कुमारको प्रतीमा स्थापना समारोहमा पनि भाग लिन गएँ । त्यसपछि बुटवलमा साप्ताहिक प्रवचन कार्यक्रममा दर्जनौं भिक्षुहरूसहित एक हप्ता जति व्यस्त भएँ । लुम्बिनी र बुटवलमा जिल्ला-जिल्लाबाट आउनुभएका मानिसहरूले सोध्नुभयो– किन लेख्न छाड्नुभएको ? त्यस्तै प्रश्न पोखरामा पनि सुन्न पाइयो । काठमाडौंमा पनि समारोहहरूमा भाग लिन जाँदा बुद्धिजीवी र साहित्यकारहरूले घच्घच्याएपछि लेख्ने जाँगर फेरि पलाउन थालेको छ ।

कतिपय पाठकहरूले सुझाव दिनुभएको छ– लेख लेख्दा बुद्धको जीवनीसित घटनात्मक कथा समावेश भए राम्रो हुन्थ्यो कि ? त्यही सुझाव अनुरूप यो लेख प्रस्तुत छ ।



Downloaded from http://dhamma.digital

## बुद्धको चमत्कार

भिक्षु जीवनलाई बाहिरबाट हेर्दा राम्रो, हलुङ्गो र आनन्दमय जस्तो लागे पनि अर्काको भरोसामा बस्नुपर्ने हुँदा यो त्यति सजिलो जीवन चाहिँ पक्कै होइन । काम नगरीकन अल्छि जीवन बिताउनखोज्नेहरूलाई त ठीकैलाग्दो हो । भिक्षुहरू आफ्नो खुट्टामा टेक्न नसक्ने भएकोले अर्काको अगाडि हात फैलाउँदै मागेर बाँच्नुपर्ने हुँदा दाताहरू रिसाउलान् कि भन्दै डराइरहनुपर्ने हुन्छ । दाताहरू रिसाउलान् भन्ने डरले आफूलाई चित्त नबुझ्ने कामहरू पनि गर्नुपर्ने हुन्छ । त्यति मात्र कहाँ हो र ? दाताहरूले जे दियो; त्यही खान सक्नुपर्छ । अझ कहिलेकाहीं त भोकै पनि बस्नुपर्ने हुन्छ । त्यसो त स्वयंम् भगवान बुद्धसमेत कतिपटक भोकै बस्नुपरेको कुरा पालि साहित्यमा उल्लेख छ । एकपटक उहाँले अर्काको जुठो भातसमेत थापेर खानुपरेको घटना यहाँ स्मरणीय छ ।

एक दिनको कुरा हो– गौतम बुद्ध एउटा ब्राह्मण गाउँमा भिक्षा माग्न जानुभएको थियो । एकजना ब्राह्मण आफ्नो घरको दैलोतिर पिठ फर्काई भित्तातिर हेरेर भात खाइरहेको थियो । ब्राह्मण बुद्धप्रति श्रद्धावान व्यक्ति रहेछ । तर, उसले बुद्ध भिक्षाटनको सिलसिलामा आफ्नै पिठपछाडि उभिनु भएको थाहा पाएन । उसकी स्वास्नी ब्राह्मणी बज्यै भने बुद्धप्रति घृणा गर्ने खालकी थिइन् । तर, उनले चाहिँ बुद्धले भिक्षा माग्दै गरेको देखेकी थिइन् । ब्राह्मणी बज्यैलाई थाहा थियो– आफ्नो पति ब्राह्मणले बुद्धलाई देख्नेबित्तिकै भिक्षादान दिनेछ भन्ने कुरो । त्यसैले आफ्नो पतिले बुद्धले भिक्षा मागिरहनुभएको थाहा पाउला भन्ने डरले मुखबाट आवाज ननिकालिकन लाटो भाषाले टाउको हल्लाउँदै भनिन्– भिक्षा पाउँदैनौ; तिमी गए पनि हुन्छ ।

भगवान बुद्धले त ब्राह्मणलाई पर्खेर बस्नुभएको थियो । यसर्थ उहाँले पनि ब्राह्मणी बज्यैलाई लाटो भाषाले नै आवाज ननिकाली टाउको हल्लाएर इशारा गर्दै भन्नुभयो– "म भिक्षा नलिई जाँदै जान्न ।"

बुद्धको भाषाशैली देखेर ब्राह्मणीलाई हाँसो उठ्यो । हाँसो खप्न



Downloaded from http://dhamma.digital

नसकेकी हुनाले उनी हाँसी दिइन् । अनायास आफ्नी श्रीमती हाँसेको देखेर ब्राह्मणले यसको कारण सोधे– मलाई गिज्याएकी ?

श्रीमतीले भनिन्– होइन । बुद्ध तपाईंको पछाडि भिक्षा माग्न उभिइरहनुभएको छ । मैले लाटो भाषामा भिक्षा छैन; गए हुन्छ भनेको त उहाँले पनि लाटो भाषामै म जान्न भनेर उत्तर दिनुभयो । त्यसैले म हाँसेकी हुँ ।

ब्राह्मणले पछाडि फर्केर बुद्धलाई आदरपूर्वक वन्दना गर्दै भन्नथाले– हे भगवान ! मसँग अरू त दिने कुरा केही छैन । यही जुठो भात आधा लिनुहुन्छ ?

बुद्धले शान्तपूर्वक अगाडि बढी भिक्षापात्र थाप्नुभयो र जुठो भात भिक्षाको रूपमा ग्रहण गर्दै भन्नुभयो– हामी भिक्षु श्रमणहरू अर्काको भरोसामा बाँच्नुपर्ने खालका हौं । अरूले खान दिएपछि मात्र हाम्रो पेट भरिन्छ । त्यसकारण हामी एक प्रकारका प्रेत पनि हौं । तपाईंले दिनुभएको खाना जुठो भए पनि यो एक श्रद्धाको चिन्ह हो ।" त्यसपछि दीर्घायुको कामना गर्दै बुद्ध फर्कनुभयो ।

यो दृश्य देखी ब्राह्मणहरू दम्पती दुवै जना आश्चर्यचकित परे । बुद्ध जस्तो महान व्यक्तिले पनि जुठो भात दान लिनुभयो भनेर त्यस दिनदेखि ब्राह्मणी बज्यैले मनमा बुद्धप्रति श्रद्धा जाग्नथाल्यो । बुद्धको निरभिमानी स्वभाव र महानताले ब्राह्मणीको मन पग्लिन थाल्यो । ■



Downloaded from http://dhamma.digital

# नक्कली देवता

कतिपय पाठकहरूले प्रश्न सोधेका छन्- "के सधैं सबै ठाउँमा सहेरै बस्नुपर्छ भन्ने शिक्षा बुद्ध धर्मले दिन्छ ?"

बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ। सबै ठाउँमा सहेरै बस्नु त झन् धर्म भएन र व्यावहारिक पक्ष पनि भएन। बौद्ध साहित्य छलकपट गर्नेलाई छलकपटैको जवाफ दिनुपर्छ भनिएको पाइन्छ। उदाहरणार्थ जातक कथामा आधारित एउटा घटना प्रस्तुत गर्छु।

धेरै पहिलेको कुरा हो। वाराणसी देशमा ब्रह्मदत्त राजाको पालामा बोधिसत्त्व एक ब्यापारी कुलमा जन्मे। उनको पण्डित नाम राखियो। जब उनी जवानीको अवस्थामा पुगे; उनले अतिपण्डितको नामको साथीसँग मिलेर साझा व्यापार शुरु गरे। यसैक्रममा उनीहरू अलि टाढाको शहरमा गई पैसा कमाएर ल्याए।

अतिपण्डितले जम्मै पैसा आफ्नो हातमा पार्ने योजना बनायो। उसले पण्डित साथीलाई सुझाव दियो- हाम्रा छिमेकी र नाता कुटुम्बहरू राम्रो नियतका छैनन्। त्यसैले यही जंगलको एउटा ठाउँमा धन गाडेर जाऊ न हुन्न ? पंडित बोधिसत्त्व सोझो मान्छे; छक्का-पञ्जा केही थाहा नभएको हुँदा साथीको सुझावमा सहमत भए।

केही दिनपछि अतिपण्डितले खुरुक्क गाडिराखेको धन उठाएर ल्यायो। आफ्नो बुबालाई पनि कुरा सिकाइदियो-हामी दुई जनाबीच पैसाको बारेमा झगडा हुनेछ। त्यसपछि हामी दुवै फलाना ठाउँको रुखमा न्यायको लागि प्रार्थना गर्न आउनेछौं। अनि बुबाले नक्कली देवता बनी खोक्रोलो रुखभित्र बसिरहनु पऱ्यो। मुद्दा ल्याउँदाखेरि गाडिराखेको धन पण्डितले नै लिएको हो भनिदिनुपऱ्यो।



Downloaded from http://dhamma.digital

अतिपण्डितले पण्डितलाई भन्यो पैसाको खाँचो छ । जाऊँ पैसा लिन । दुवै गएर खन्न थाले । तर, पैसा त हुने कुरै भएन । अतिपण्डितले उल्टै पण्डितलाई पैसा निकालेर लगेको आरोप लगाइदियो ।

पण्डित बोधिसत्त्वले भने- नचाहिने झूठो आरोप नलगाऊ । मैले पैसा लिएको छैन । चोरको स्वर झन् ठूलो हुन्छ भने जस्तै अतिपण्डित झन् ठूलो स्वरले कराएर झगडा गर्नखोज्यो । अन्त्यमा त्यही नक्कली देवता भएको रुखमुनि दुवै पुगे र अतिपण्डितले हात जोडी आँखा पनि बन्द गरी प्रार्थना गर्न थाल्यो- हे न्यायप्रेमी वृक्षदेवता ! हामी दुई जनामा सही चोर को हो भनी दिनुपर्‍यो; न्याय दिनुपर्‍यो ।

नक्कली देवताले खूब नरम स्वरले भन्न थाल्यो- 'पण्डित नै चोर हो; उसैले पैसा चोरेको हो । आजभोलि त अर्थमन्त्री र प्रहरीका हाकिमहरू नक्कली हुन्छन् भन्ने सुनिन्छ । पहिले चाहिँ देवता पनि नक्कली हुँदा रहेछन् ।

देवताको अन्यायपूर्ण निर्णय सुनेर बोधिसत्त्व पण्डितले विचार गरे- यो पक्कै पनि नक्कली देवता हुनुपर्छ । उनले देउता नक्कली हो कि सक्कली हो; परीक्षा लिनुपर्‍यो भनी सुक्खा झारपात र पराल जम्मा गरी रुखमुनि चारैतिर राखी आगो लगाइदियो ।

नक्कली देवतालाई त आगोले पोल्नथाल्यो । ज्यान बचाउनको लागि बाहिर निस्केर भन्न थाल्यो- मेरो छोरा अतिपण्डित नै चोर हो । अनि पण्डित बोधिसत्त्वले आधाआधि धन बाँडेर लिए ।

यस घटनाबाट के शिक्षा लिनुपर्छ भने बोधिसत्त्व पण्डितले आफ्नो साथी ठग अतिपण्डितप्रति दया देखाई सहेर बसेनन् । संघर्ष गरेर आफ्नो अधिकारको आधाआधि पैसा लिएरै छाडे । हुनत बोधिसत्त्वले सहनुपर्ने र त्याग गर्नुपर्ने । त्यसो गरेनन् । हाम्रो देशमा साझा र संस्थानहरूमा पनि इमान्दारिता नभएकोले जत्ति आम्दानी भए पनि तिनीहरूमा घाटा मात्र देखाइन्छ । यस्तो कुरा सहेर बस्नु राष्ट्रको लागि हितकर हुँदैन । ■



Downloaded from http://dhamma.digital

# बाँच्नु झन् कठिन छ

**"किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं"**

अर्थात् मनुष्य भएर जन्म लिनु कठिन छ र जन्मेर नमरून्जेलसम्म बाँच्नु पनि कठिन छ ।

बुद्धले शुद्ध मनुष्यत्त्व, नि:स्वार्थी, तन्दुरूस्त र बाठो भएर जन्म लिनु कठिन छ, दुर्लभ छ भन्नुभएको हो । खानु, सुत्नु, भय हुनु र मैथुन गर्नु यी चार क्रिया पशु र मानिसमा समान छन् । मनुष्यमा देखिने थप कुरा के हो भने पशुमा नभएको चिन्तन शक्ति पनि उसमा हुन्छ । पशुलाई तालीम दिएर चन्द्रलोकमा पठाउने बुद्धि र सिद्धि मानिसमा छ । त्यस्ता चिन्तन र विवेकशील मानिस भएर जन्मनु दुर्लभ र कठीन छ भन्ने बुद्धको भनाई हो । चिन्तन शक्ति र विवेक-बुद्धि नभएको खण्डमा मानिस पशु, राक्षस र प्रेत बन्न पुग्दछ । चिन्तन र विवेक-बुद्धि भएको खण्डमा शुद्ध मानिस मात्र होइन बुद्धत्त्व र महामानवत्त्वमा पुग्छ । हात्ती ठूलो भएर के गर्ने ? मगज ठूलो भएर के गर्ने ? सानु मानिसलाई बोकेर उसैको निर्देशन अनुसार चल्नैपर्छ । त्यसैले बुद्धले मानिसलाई सबैभन्दा उत्तम स्थान दिनुभएको छ ।

मानिस भएर बाँच्नु पनि गाऱ्हो छ । आफ्नो बाहुबलमा आफ्नै खुट्टामा उभिनुपर्छ । अर्काको भर पर्नुहुन्न भनी बुद्धले भन्नुभएको छ । आजभोलि जनसंख्या बढेकाले विश्वमा नै ठूलो समस्या भैरहेको छ । पृथ्वीलाई नै बोझ भैरहेको छ । परिवार नियोजन प्रचारार्थ करोडौं रूपैयाँ सरकारले खर्च गरिरहेको छ तर पनि जन्मदर घटाउन सकिरहेको छैन । पृथ्वीले बोझ वहन गर्न नसक्ने भइरहेको छ । प्राकृतिक प्रकोप भएर भूकम्पले, बाढीले, आगो लाग्नाले, समुद्री तुफान आउनाले, तातो हावाले, चीसो हावाले प्रत्येक वर्ष लाखौं मानिसहरूको ज्यान लिइरहेको छ ।



Downloaded from http://dhamma.digital

हवाइजहाज दुर्घटना, बस दुर्घटना, डुंगा पल्टिनाले हजारौं-हजार मानिसहरू मर्छन् । नमरे कहाँ बस्ने, खाना कहाँबाट आपूर्ति हुने ? फेरि प्रकृतिले नयाँ-नयाँ रोगको श्रृजना गरिरहेको छ । पहिले-पहिले टी.बी. (क्षयरोग) भयंकर रोग थियो । अब विज्ञानको चमत्कारले गर्दा नयाँ-नयाँ औषधिको आविष्कार भयो । त्यसले गर्दा क्षयरोग खतरापूर्ण रोग रहेन । पैसा भएको मानिसलाई तुरून्तै निको हुने रोग भयो । गरिबहरूलाई त टी.बी. अहिले पनि कालो सर्प सरह नै भइरहेको छ ।

प्रकृति पनि विज्ञानभन्दा कम छैन । प्रकृतिले नयाँ-नयाँ कालाज्वर, खोकीको आविष्कार गरेर हजारौं ज्यान लियो । त्यसको पनि औषधिले नियन्त्रण गरेपछि प्रकृतिले नयाँ क्यान्सर रोगको आविष्कार गरि दियो । क्यान्सर रोग यस्तो रोग हो, फर्सि कुहिए जस्तै भित्र-भित्रै कुहिने । बाहिरबाट नदेखिने र त्यति नदुख्ने पनि । धेरै कुहिएमा मात्र थाहा हुने । थाहा पाइसकेपछि औषधोपचार गर्ने मौका नपाउने । पैसा भएर पनि काम नलाग्ने । शुरू-शुरूमै जँचाउन सके औषधि गर्न सकिने । यसको पनि औषधि निर्माण भइरहेको छ । त्यसपछि फेरि प्रकृतिले स्त्री-पुरुषको भयानक एड्स रोगको आविष्कार गरिदियो । यो रोगले पनि लाखौंको ज्यान लिइसक्यो । हाल प्रकृतिले खुट्टा दुख्ने रोग फैलाइदियो । मानिसहरू पापी र स्वार्थी हुनमा सिपालु भैरहेको छ । अनि प्रकृतिले कहाँ छोड्छ । खाद्य र पानीको हाहाकार, कतै अतिवृष्टि, कतै अनावृष्टि, अनिकालले हाहाकर मच्चाएर मानिसहरूको ज्यान लिइरहेछ ।

इतिहास अनुसार, पहिलो र दोश्रो विश्वयुद्ध हुँदाखेरी करोडौं मानिस मरिसकेको छ । क्याम्बोडिया र भियतनाम युद्धमा लाखौं मरिसके । गृहयुद्ध र जनआन्दोलनमा पनि लाखौं मानिस मर्छन् । अब मानिस धेरै मर्नेखालको ठूलो युद्ध नभएको युगौं-युग भयो । विश्व शान्तिको प्रचार भैरहेको छ । फलस्वरूप युद्धको खतरा कम देखिन्छ । तर आणविक बम, शस्त्र-अस्त्र, क्षेप्यास्त्र प्रशस्त रूपमा अमेरिकाले निर्माण गरिराखेको छ । शस्त्र निर्माणको कारखाना बनाइराखेको छ ।



Downloaded from http://dhamma.digital

त्यस्तै, अरू पूँजीपति राष्ट्रहरूले पनि शस्त्र-अस्त्र बनाइराखेका छन् । लडाईं नभएको खण्डमा पूँजीपति देशको ढाडै भाचिन्छ कि ? साम्यवादी देशले पनि आत्मसुरक्षाको लागि आणविक बम आदि थुपारिराखेको छ । तैपनि युद्धको वातावरण छिटो नआउने भएकोले जनसंख्या बढ्ने भयो र जनसंख्याको बोझ पृथ्वीलाई बढी भयो । त्यसैले प्रकृतिले भुईंचालो, समुद्री आँधी, तुफान, दुर्घटना ल्याई मानिसको ज्यान लिने गर्दछ । यसलाई प्रकृतिको लीला भन्नुपर्‍यो । यस्तो घटना नघटेको भए मानिस कहाँ बस्ने ? र, खाना कहाँबाट आउने ? ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# नेपालको प्रतिष्ठा घट्यो

हाम्रो संघाराम विहारमा अन्तर्राष्ट्रिय बौद्धहरू आउने गर्छन् । लुम्बिनी विकासको कुराको साथै नेपालको राज्य व्यवस्थाको बारेमा पनि कुरा उठ्ने गर्छ । एकजना जापानीले लुम्बिनी विकासको सिलसिलामा कुरा उठाउनु भयो । माहामाया देवी मन्दिर जीर्णोद्धार भनुँ या नयाँ निर्माण गर्नको निमित्त सम्झौता भएको थियो । तर, अहिले आएर पुरानो माहामाया मन्दिरको ठाउँमा नयाँ मन्दिर बनाउन दिन्न रे । धेरै बेमज्जाको कुरा भयो । अहिले माहामाया मूर्तिलाई सानो कुटीमा राखिएको छ । टाढाबाट देख्दाखेरी बाथरूप जस्तो लाग्छ त्यो मन्दिर । धेरै विदेशी बौद्धहरू चित्त दुखाएर जान्छन् । हामीलाई त आशंका छ नेपाल सरकारले माहामायाको मन्दिर बनाउन नदिने जस्तो छ ।

अर्को एकजना जापानीले भन्यो– "भनुँ कि नभनुँ हाम्रो जापानी सरकारले नेपाललाई आर्थिक सहयोग दिएको नेपाली जनताको सुख सुविधाको लागि हो । मन्त्रिमण्डल विस्तार गरेर पार्टी स्वार्थ सिद्धको लागि होइन । यहाँ त विदेशी अनुदान आएको पैसा पार्टी र मन्त्रीहरूको स्वार्थ पूर्तिमा पो प्रयोग गरिरहेछन् । अरू विदेशी दातृ राष्ट्रहरूले पनि आशंकाको दृष्टिले हेरिरहेका छन् ।"

यता महंगी बढाएर जनतालाई उखु पेले जस्तै पेलेर दुःख दिने, उता मन्त्रिमण्डलको विस्तार गरेर मोज उडाउने ? यो जनमुखी सरकार नभई स्वार्थमुखी र पार्टीमुखी सरकार पो रहेछ । चुनाव जित्ने आशा नभएर अहिले सरकारमा बसुञ्जेलसम्म खुब पैसा कमाउँ । सरकार टिकाउको लागि मन्त्रिमण्डल बढाएर जनतालाई बोझ लाद्न थाल्यो । जनतामुखी काम गरेर जन समर्थन जुटाउनुको सट्टा स्वार्थमुखी बन्दै गइरहेको छ यो संयुक्त सरकार । लाज र सर्म नभए पछि कसको के लाग्छ ?



Downloaded from http://dhamma.digital

नेपाल जस्तो सानो देशमा ४८ जवानको मन्त्रिमण्डल बनाएर नेपालको प्रतिष्ठालाई घटाई दियो। १९ जवान राष्ट्रिय प्रजातन्त्र पार्टीको सांसादहरूमा १६ जवान मन्त्री। वाह ! कमाल भएन ? यो त स्वार्थ प्रजातन्त्र पार्टी पो भयो भनेर जनतामा चर्चा छ। मन्त्रिमण्डल विस्तार भएको एउटा कारण एमालेको सरकार ढल्ने कुराले हो। आफू अल्पमत भएको बिर्स्यो कि कुन्नि ! फेरि त्यही रा.प्र.पा. संग मिलेर सरकार चलाउने। यो भिक्षुको क्षुद्र बुद्धिले बुझ्ने कुरा होइन। जेहोस् वर्तमान नेपालको परिस्थितिले नेपालको प्रतिष्ठा घटेको छ।

गणतन्त्र चीनबाट २० जनालाई भ्रमणको निमन्त्रणा आयो भने ४० जवान जाने। चीनको तर्फबाट स्पष्ट शब्दमा निमन्त्रणा पत्रमा लेखिएको हुन्छ बढी आउनेहरूलाई बासस्थान मात्र व्यवस्था छ। अरू खान र यातायात खर्च आफैले व्यहोर्नु पर्छ। तर श्रीमतीसँगै लिएर जाने पैसा पनि नतिर्ने। लाज सर्म नहुँदाखेरी केही नहुने। फेरि चीनमा प्रजातन्त्र छैन भनेर प्रचार गर्ने प्रजातन्त्रवादी भनेकाहरू निमन्त्रणा पत्र नभए पनि किन जान लालायित हुन्छन् ?

नेपालीहरूको लालची र स्वार्थी भावनाले नेपालको प्रतिष्ठा घट्दै गइरहेको छ। इज्जत कहाँ गयो ? नाक बाङ्गो भएको थाहा छैन। ऐना हेर्नु पनि बिर्स्यो क्यारे।

चीन सरकारले ५४ करोड आर्थिक सहायता त्यसै दिएको छ। यो त परीक्षणको लागि पो दिएको। जनहितमा प्रयोग हुन्छ कि हुँदैन भनेर हेर्न पो दिएको। मन्त्रिमण्डल विस्तार गर्नलाई होइन। स्वार्थीमुखी संयुक्त सरकारले गर्दा नेपालको प्रतिष्ठा घटेको छ। यो हांमी नेपाली जनताको लागि गंभीर चिन्ताको विषय हो। ■



Downloaded from http://dhamma.digital

# जातले शुद्ध भए पनि ...

गौतम बुद्ध धर्म प्रचारको सिलसिलामा चम्पानगर जानुभएको थियो । त्यहाँ गरगरा नामक पोखरी थियो । बुद्ध भिक्षु समूहसँगै त्यो पोखरी छेउमा बस्नुभयो; धर्म उपदेश दिनुभयो ।

एक दिन थुप्रै मानिसहरूको समूह गइरहेको बेला प्रख्यात विद्वान सोणदण्ड ब्राह्मणले सोधे– "तिमीहरू कता जान लागेको ?" "हामीहरूलाई जीवन सार्थक हुने शिक्षा दिने गौतम बुद्धकहाँ जान लागेको" भन्दै ती मानिसहरूले "बुद्ध साह्रै प्रज्ञावान हुनुहुन्छ" भन्ने उत्तर दिए ।

"त्यसोभए म पनि जान्छु एकछिन पख" भन्दै सोणदण्ड पनि सँगै गए । सोणदण्ड ५०० ब्राह्मणहरूको गुरु तथा चम्पानगरको मुखिया थिए । सोणदण्ड ब्राह्मण भगवान बुद्धकहाँ जान लागेको बेला थुप्रै ब्राह्मणहरूले भने– "तपाईं ठूलो गुरु र जेष्ठ पनि हुनुहुन्छ । गौतम बुद्ध तपाईंभन्दा धेरै नै कान्छो हुनुहुन्छ । त्यहाँ यसकारण तपाईं जानु उपयुक्त छैन ।"

सोणदण्ड ब्राह्मणले भने– "श्रमण गौतम मभन्दा कान्छो भए पनि प्रज्ञा ज्ञानले ठूलो उ, उहाँ हाम्रो नगरमा आउनु भएको पाहुना हुनुहुन्छ । पाहुनालाई देवता सम्झी सम्मान गर्नु हाम्रो कर्तव्य हो । बुद्धको बोली र आचरण शुद्ध छ । त्यसैले म जान्छु ।"

जाँदा-जाँदै सोणदण्ड ब्राह्मणलाई बुद्धको प्रज्ञा र प्रतीभादेखि भय र त्रास हुनथाल्यो । श्रमण गौतमले सोधेको प्रश्नको उत्तर दिन सकिएन भने आफ्नो प्रतिष्ठा घट्ने हो कि भन्ने चिन्तामा "जे होस् त्यहाँ गएर चूपचाप बस्नेछु" भन्ने प्रणकासाथ सोणदण्ड अघि बढे ।



Downloaded from http://dhamma.digital

गौतम बुद्धले सोध्नुभयो– सोणदण्ड ब्राह्मण, ब्राह्मण शास्त्र अनुसार ब्राह्मण हुनेहरू के-के अङ्गले पूर्ण हुनुपर्छ ? ब्राह्मणको उत्तर यस्तो थियो–

१) आमा-बुबा सात पुस्तादेखि जातले शुद्ध हुनुपर्छ ।

२) त्रिवेदमा पारंगत हुनुपर्छ ।

३) रूप सम्पन्न हुनुपर्छ ।

४) शीलवान, नैतिकवान, सदाचारी र गुणवान हुनुपर्छ ।

५) विवेकशील प्रज्ञावान र ज्ञानी हुनुपर्छ ।

बुद्धले सोध्नुभयो– ती पाँचैवटा गुण नभई हुन्न ? एउटा घटे पनि हुन्न ?

ब्राह्मण धर्म अनुसार घट्नु नहुने हो; तैपनि बुद्धको चित्त बुझाउनको लागि रूप सम्पन्न नभए पनि हुन्छ भनी सोणदण्डले उत्तर दिए ।

बुद्धले फेरि सोध्नुभयो– अरू पनि नभए हुँदैन ?

ब्राह्मणले भने- विद्वान नभए पनि हुन्छ ।

बुद्धले फेरि सोध्नुभयो– जात शुद्ध नभए पनि हुँदैन ?

ब्राह्मणको उत्तर थियो– हुन्छ ।

सोणदण्ड ब्राह्मणका थुप्रै चेलाहरूले सोचे– श्रमण गौतमको विचार अनुसार त कुल परम्परालाई नमाने पनि हुन्छ । यो त भएन भनी उनीहरू कराउन थाले ।

सोणदण्ड ब्राह्मणले अंगण नामक आफ्नै भाञ्जालाई देखाउँदै भने– त्यो मेरो भाञ्जा सार्‍है रूप सम्पन्न; जातले शुद्ध र विद्वान पनि छ । तर, उसको आचरण भ्रष्ट र अनैतिक छ भने तिमीहरूको छोरी उसलाई दिन तयार छौ ?

सबैले भने– तयार छैनौं । चरित्र भ्रष्टलाई कसले छोरी दिन्छ ।

बुद्धले सोध्नुभयो– शील, सदाचार र प्रज्ञा पनि नभए हुन्छ ?

ब्राह्मणले भने– गौतम, यी दुईटा त नभई हुन्न । एउटा हातले



Downloaded from http://dhamma.digital

कहिल्यै ताली बज्दैन । हात धुन पनि सकिन्न । दुईटै हात चाहिरहन्छ । मनुष्य र मानवताको संरक्षण हुनाको कारण शील, सदाचार र प्रज्ञा विवेक बुद्धिले गर्दा हो । मेरो भाञ्जा रूप सम्पन्न र त्रिवेद पारंगत तथा सात पुस्तासम्म जातले शुद्ध भए पनि यदि त्यसको चरित्र भ्रष्ट छ भने उसलाई कसैले छोरी दिंदैन ।

बुद्धको जवाफ– सोणदण्ड ठीक छन्; शील, सदाचार र प्रज्ञा विवेक बुद्धि नभए मनुष्य रहँदैन ।

सोणदण्ड ब्राह्मण साञ्है नै प्रभावित भएर बुद्धको शरणमा गए । उनको हृदय परिवर्तन भयो । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मन बडो गजबको हुन्छ

गौतम बुद्धले भन्नुभएको छ - मनको स्वभाव नै जुनसुकै काममा अगुवा हुनु हो । अशुद्ध मन लिएर कसैले बोल्यो वा कुनै काम गऱ्यो भने गोरुका पछि-पछि गाडाको पाङ्ग्रा हिंडेझैं दुःख पनि पछि लागेर आउँछन् । त्यस्तै शुद्ध मन लिएर कसैले बोल्यो वा काम गऱ्यो भने आफ्नो पिछा न छोड्ने छायाँझैं सुख पनि पछि लागेर आउँछ ।

यसबाट के स्पष्ट हुन आउँछ भने मानिसको जीवनमा मनको ठूलो भूमिका हुन्छ । मन बिग्रेको खण्डमा सबै कुरा बिग्रिन्छ । तत्काल केही फाइदा भए पनि अन्तमा नराम्रो प्रतिफल भोग्नुपर्ने हुन्छ ।

मन कमजोर भए मानिसको आयु घट्छ र स्वास्थ्य खराब हुन्छ । मन बलियो भएमा धेरै दिन बाँच्न सकिन्छ ।

श्रीलंकाको घटना हो । एक जना माझी दिनका दिन खोलाको किनारमा गएर भित्तामा जहाँ-जहाँ प्वाल छ - त्यहाँ-त्यहाँ हात हाली माछा मार्ने रहेछ । धेरैजसो लामा-लामा माछा हात पार्दो रहेछ । हात पर्नासाथ टोकरीमा हाली मुख बन्द गर्दो रहेछ । एकदिन माछा समात्दाखेरी उसलाई टोकेको महसूस भए छ ।

घर गएर लामो माछाको तरकारी बनाउन स्वास्नीलाई अऱ्हाएर ऊ माछा बेच्न बजार गएछ । माछा बेचिसकेपछि घर गएर भात खान खोजेछ । लामो माछाको तरकारी तयार भयो भनी स्वास्नीलाई सोधेछ ।

स्वास्नीले भनिन्– कहाँको माछा हुनु; त्यो त विषालु सर्प रहेछ । त्यति कुरा सुन्नासाथ लोग्नेले हाततिर हेरेछ । साच्चै उसको हात त सुन्निराखेको थियो । ऊ एकैचोटी मुर्छा भएर भुइँमा लडेर मरेछ । सर्पले टोकेको कुरा थाहा नभएसम्म ऊ बाचिरह्यो । थाहा हुनासाथ बेहोश भएर लड्यो ।



Downloaded from http://dhamma.digital

बर्माकी एउटी भिक्षुणी नेपालमा आएर बसिन् । उनी खूब क्रियाशील र मिलनसार थिइन् । एकदिन म उसलाई भेट्न गएँ । उनी त सिरक ओढेर सुतिरहेकी रहिछिन् । मैले सोधें–के भयो ?

उत्तर आयो– ज्वरो आयो ।

"ज्वरो कति छ नि ?" जवाफ थियो– "थाहा छैन । आङ्ग गरम छ; कपाल अलि-अलि दुख्छ ।"

मैले डिग्री राखेर हेरें– ९७ डिग्री मात्र रहेछ । ज्वरो त पुगेको छैन– मैले भनें । उनले साँच्चि हो ? हो, हेर न ! भनेर मैले थर्मामीटर देखाइदिएँ ।

उनी तुरुन्तै उठेर कपडा धुन थालिन् । एकदम स्वस्थ भइन् । मन बडो गजबको-हुन्छ । पाँच-दश मीनेट पहिलेसम्म एकदम अस्वस्थ भएर सुतिरहेका मान्छे मन बलियो भएपछि एकदम स्वस्थ हुन पुगिन् ।

यूरोपको एउटा घटना । एकजना पादरीको सुत्नुभन्दा पहिले सधैं नक्कली दाँत निकालेर पानी भएको ग्लासमा राख्ने बानी रहेछ । एकदिन बिहान उठ्दाखेरी ग्लासमा दाँत थिएन । उनी आत्तिन थाले । सुत्नुभन्दा अगाडि दाँत झिकेर ग्लासमा राख्न बिर्सदा कतै पेटमा पो पस्यो कि भनेर पूरै चिन्तित बने । पेट दुख्न थाल्यो । तुरुन्तै छोरालाई बोलाएर एम्बुलेन्स झिकाए । आकस्मिक अस्पतालमा भर्ना भयो । डाक्टरलाई पनि विश्वास भयो– दाँत पेटभित्र पस्यो । किनकि, ती पादरी छट्पटाउन थाले; मर्नै लागैं भनेर ।

उनलाई अपरेशन कोठामा लगियो । चिरफार गर्नलाई सामान ठीकठाक गर्न शुरू भयो । त्यहीबखत घरबाट टेलिफोन आयो– दाँत बिरालोले लगेर कोठाको कुनामा राखेको रहेछ । अपरेशन गर्नुपरेन । त्यो सुनिसकेपछि मर्नै लागेको पादरी भागाभाग भयो ।

मन कमजोर भएको खण्डमा मानिसको आयु घट्छ । आजभोलि राजनीतिक नेताहरूको पनि मन कमजोर भएकोले उनीहरू अशुद्ध मनले अनर्गल प्रलाप गर्दैछन्; मानसिक अस्वस्थताको प्रदर्शन गर्दैछन् । ■



Downloaded from http://dhamma.digital

# मूर्खहरूको उत्सव

सबै राष्ट्रहरूमा आ-आफ्ना सँस्कृतिअनुसार चाडपर्व र उत्सवहरू मनाइने गरिन्छ । यसरी मनाइने थिति-रीतिहरूलाई सँस्कृतिको रूपमा मान्यता दिने चलन छ । तर, सँस्कृति भन्दैमा समाजलाई नै अप्ठेरो पार्ने र अपमानित हुनुपर्ने खालका थिति-रीतिहरूलाई पनि मान्नैपर्छ भन्ने केही बाध्यता छ त ?

सँस्कृतिको सही अर्थ त सभ्य समाज र शिष्ट चलन हो । यति मात्र होइन, समयानुसार बदल्दै लानसक्ने थिति-रीति र स्वभावलाई पनि सँस्कृति भनिन्छ ।

तर, नेपालमा आजभोलिको युगलाई नसुहाउने खालका र साधारण निर्दोष जनजीवनलाई हानी पुऱ्याउने खालका दुईवटा चाड भनौं या उत्सवलाई सँस्कृतिको नाम दिँदै मनाइरहेको देखिन्छ । ती हुन्- होली र शिवरात्री ।

शिवरात्रीको दिन त कोही उपद्ऱ्याहा व्यक्तिहरूले अरुहरूको घरको दैलो, दलिन, खापा र मोटरका टायर आदि चोरेरै भए पनि अग्नि देवतालाई पूजा गरी नक्कली धार्मिक बन्दै आफ्नो सँस्कृतिलाई रक्षा गरिरहेको देखिन्छ । त्यस्तै बाटो-बाटोमा डोरीले बाँधी बाटो छेकी बटुवाहरूसँग 'जगात' माग्दै दिनभरि दुःख दिइरहेको हुन्छ । यो कस्तो धार्मिक, सांस्कृतिक कार्य हो ।

अर्को पर्व हो- होली । हुनत यो पर्व बुद्धको समयमा पनि चल्दैआएको पर्व थियो । त्यसैले बुद्धले यस पर्वलाई "मूर्खहरूको उत्सव" भनी नामाकरण गरेको कुरा पालि साहित्यमा नै उल्लेख भएको छ ।

बुद्धको समयमा सात दिनसम्म उपद्ऱ्याहा मानिसहरूले आ-आफ्नो अनुहारमा र सारा शरीरमा गोबर, कालो रङ्ग र खरानी आदि



Downloaded from http://dhamma.digital

दलेर अश्लील गीतहरू गाउँदै घरको दैलो-दैलोमा घुम्दै गाली दिँदै रमाइलो मान्ने गर्दारहेछन् । लाज-शर्म भनेको नमान्ने ती अभद्र व्यक्तिहरूले भगवान बुद्धलाई समेत पनि गाली गर्दै रङ्ग खेल्ने गरेको हुनाले सभ्य र शिक्षित दाताहरूले भगवान बुद्ध प्रमुख भिक्षुहरूलाई सात दिनसम्मको लागि नै विहारमा खाद्य सामग्रीहरू पुऱ्याइदिने गर्दथे । अश्लील गीतहरू गाउँदै हिंड्ने ती अभद्र व्यक्तिहरूको होहल्ला र अशान्तिपूर्ण वातावरणलाई छिट्टै हटाउनका लागि भलादमी मानिसहरूले जतिसक्यो त्यति छिटो पैसा दिएर धपाएर पठाउने गर्दथे ।

सात दिनपछि अर्थात् होली पर्व सिध्याएपछि बुद्ध धर्मावलम्बीहरूले भगवान बुद्ध प्रमुख भिक्षुहरूलाई आफ्नो घरमा निमन्त्रणा गरी भन्ने गर्थे- "भगवान शास्ता । यो होलीको सात दिन त बाहिर जान नपाउने हुनाले साऱ्है कष्टपूर्ण तरिकाले बितायौं । त्यसैले तपाईहरूलाई पनि विहारबाट बाहिर ननिस्कन अनुरोध गरी सात दिनसम्म विहारमा नै भोजनको व्यवस्था मिलाएका हौं ।"

अनि भगवान बुद्धले भन्नुभयो-"बालानं दुम्मेधानं किरिया नाम एवरुपा होति" अर्थात् मूर्ख र अशिक्षितहरूको काम यस्तै हुने गर्छ ।"

बुद्धकालीन समयमा मात्र होइन, नेपालमा आजभोलि पनि कहीं-कहीं त होली शुरु हुने दुई हप्ता पहिलेदेखि नै मानिसहरू बेलुनमा फोहर पानी भरी बटुवाहरूलाई हान्दै आनन्द लिने गर्छन् । साऱ्है अशोभनीय सँस्कृति हो यो । यस्तो घृणित कार्यलाई सरकारले निगरानी राखी नियन्त्रण गर्नसके यस अश्लील सँस्कृतिबाट पीडित जनताले सन्तोषको श्वास फेर्न सक्नेछन् । र, यस्तो होलीको असभ्य कार्यबाट सृजना भएको प्रदूषित वातावरण हट्न गई सबैको भलो नै हुने थियो । सबैको भलो गर्नु नै धार्मिक कार्य होइन र ? ■



Downloaded from http://dhamma.digital

*( सिर्फ चिकित्सकों के लिए )*

# बैद्यनाथ कासामृत

**मुख्य द्रव्य**-वासक, कण्टकारि, तुलसी-पत्र वच अपामार्ग पीपल, मुलहठी, सोमकल्प आदि श्वास-कास नाशक और फेफड़ों को बल देनेवाली सर्वोत्तम एवं परीक्षित जड़ी-बूटियों के सम्मिश्रण से यह औषधि मधुर पेय के रूप में बनाई गयी है । यह कैल्शियस-युक्त और इसमें मिश्रित सभी पदार्थ मादकता से रहित है ।

**गुण-धर्म**- इसके सेवन से पुरानी-से-पुरानी और बार-बार होनेवाली खाँसी, कुक्कुर खाँसी, सर्दी-जुकाम, इन्फलुएंजा, न्यूमोनिया, फुफ्फुस-प्रवाह गलग्रन्थि-दाह तथा फुफ्फुस-श्लेष्मसंस्थान से, सम्बन्धित सभी रोगों में शीघ्र लाभ होता है । यह फेफड़ों को बल देता है । श्वास-प्रणालीका पर इसका हितकर प्रभाव होता है, जिससे गले की खुश्की और सर्दी कम होती है । यह कफ को ढ़ीला कर आसानी से बाहर निकालता है और सोने के पहले दवा लेने से रात में श्वास-खाँसी का वेग नहीं आता । पाचन-प्रणाली पर भी इसका अनुकूल असर होता है । नीरोग अवस्था में इसका सेवन करते रहने से खाँसी भी होने का भय नहीं रहता है । सुस्वादु और मीठा होने के कारण यह बच्चों को भी आसानी से दिया जा सकता है ।

**मात्रा**-पूरी उम्रवालों को चाय के चम्मच से एक या दो चम्मच, 1 से 6 वर्ष के बच्चों को चौथाई चम्मच और 6 से 12 वर्ष के बच्चों को आधा चम्मच की मात्रा में इसे दिन में तीन बार देना चाहिए । यह दवा योंही चाटी जा सकती है । किन्तु जरूरत होने पर इसमें थोड़ा पानी भी मिला सकते हैं। श्वास या खाँसी के अधिक वेग के समय इसकी अतिरिक्त मात्रा चिकित्सक की सलाह से ली जा सकती है। रोग-मुक्ति के बाद भी इसको एक-दो सप्ताह तक लेते रहने से रोग के पुन: होने का भय नहीं रहता है ।

श्री **बैद्यनाथ** आयुर्वेद भवन लिमिटेड
बैद्यनाथ भवन रोड, पटना-800 001

Downloaded from http://dhamma.digital

*(For Medical Practitioner only)*

# *Baidyanath* KASAMRITA

***Baidyanath*** **KASAMRITA** is a useful combination of extracts of indigenous medicines viz Vasak, Kantkari, Tulsi, Bach, Apamarg etc. Which are widely used to Ayurveda for treatment of cough. Colds and bronchital disorders, as well as few allopathic drugs. It has been suitably sweetened and deliciously flavoured to make it a very palatable syrup. It is devoid of all intoxiants.

It is indicated in acute and chronic as well as whooping and asthmatic coughs, bronchitis, throat irritation, influenza and respiratory, disorders. it is also useful in irritating and dry coughs. It liquefies and expells viscid secretion and overcomes respiratory tract infections. It helps easy disgerstion. Its regular use prevents bronchital infections. Even children are fond of its sweet and flavoured taste.

*Dosage and Administration.* For adults One to two tea-spoonfuls.

For Children between 1 to 6 years half 1 / 4 tea-spoonful. For infants up to 5 years quarter tea-spoonful, thrice daily. It can be taken alone or with little quantity of water Dose can be increased or decreased in specific cases on the advice of physician. Its continous use even after cure, ensures prevention from relapses.

Shree ***Baidyanath*** Ayurved Bhawan Ltd.
Baidynath Bhawan Road, Patna-800 001

Downloaded from http://dhamma.digital

# ज्ञानमार्ग र भक्तिमार्ग

आजभोलि शान्ति र मानवताको चर्चा खुब सुनिन्छ। तर अशान्ति र दानवता किन देखिँदैछ ? त्यसको कारण के हो, के गरेको खण्डमा शान्ति हुन्छ भन्नेतिर त्यति ध्यान दिइएको देखिँदैन, बुद्धि र विवेकले विचार गरेको देखिँदैन ।

अशान्तिका कारण धेरै छन्, यहाँ एउटा दुइटा मात्र उल्लेख गर्दैछु । मानिसमा सम्यकदृष्टिको अभाव छ । मिथ्यादृष्टि र स्वार्थभाव बढ्दै गइरहेको छ । मिथ्यादृष्टि, गलतफहमी वा गलत समझदारी झन्-झन् बढ्दै आउँदैछ । बुद्धि, विवेकको अभाव पनि त्यत्ति नै छ ।

मिथ्यादृष्टि शब्द प्रायः गरी बौद्ध साहित्यमा र बौद्ध जगतमा प्रचलित छ । यस्तै खालको अर्को शब्द छ- अन्धविश्वास । यो शब्द पनि हामीकहाँ प्रचलित छ। पालि साहित्य पढ्दाखेरि देवी देवताहरूलाई पूजा-आजा र बलि चढाएर वरदान माग्नु र धर्म लाग्छ भन्नु, तन्त्र-मन्त्र आदिमा विश्वास गर्नु बुद्धधर्म अनुसार अन्धविश्वास वा मिथ्यादृष्टि हो भन्ने बुझिन्छ । वर्तमान जीवनमा सुधार नल्याइ, मरिसकेपछि श्राद्ध र कर्मकाण्ड गरे तरिन्छ र स्वर्ग पुगिन्छ भनी विश्वास गर्नु बुद्धधर्म अनुसार मिथ्यादृष्टि हो । तर आजभोलि यस विषयमा अर्थात् मिथ्यादृष्टिका कुरा लिएर वाद-विवाद गरिरहनु केही फाइदा छ जस्तो लाग्दैन । यो समस्या समाधान गर्नु सजिलो छैन । किनभने पुस्तौं-पुस्तादेखि मनमा वैदिक संस्कारको दाग बसिसकेको छ । कर्मकाण्डप्रतिको तत्काल छुट्ने खालको छैन । कैयन बुद्धहरू जन्मिसकेपछि पनि बौद्धजगतमा कर्मकाण्ड बाँचेकै छ । हाम्रो हिन्दू राज्य, बुद्ध जन्मभूमिमा त अन्धविश्वास र कर्मकाण्डको साम्राज्य निक्कै बलियो छ, हामीकहाँ कर्मकाण्डको जग मजबूत छ । समाजको त्यसमाथिको विश्वास झन मजबूत छ ।

आज हामीले भक्ति मार्गी धार्मिक बन्न चाहेको होइन । मतलब पूजा-आजामा मात्र समय बिताउन् पूजारी बन्न चाहेको होइन । शुद्ध



Downloaded from http://dhamma.digital

मानिस बन्नु, सेवाभाव रहेको व्यक्ति बन्नु आवश्यक छ । यसको मतलब यो होइन कि पारिवारिक जीवनतिर ध्यान नदिई भोकै बसेर पनि समाजको सेवा गर्नु पर्छ । कसैले देवी देवताको पूजा गरे पनि नगरे पनि मानिसको शोषण र दमन गरी रहेको छ भने त्यो मानिस कदापि शुद्ध मानिस हुन सक्दैन । त्यस्तो चरित्रको मानिस दानवको रुपमा चिनिन पुग्छ । बुद्धको शिक्षा अनुसार आचरण राम्रो हुनुपर्छ । अर्थात् अरुलाई बाधा हुने गरी बाँच्नु हुँदैन । अरुको खुट्टा समाती पछार्ने बानी हुनुहुँदैन र त्यस्तो सोचाई राख्नुहुँदैन ।

मिथ्यादृष्टिको शाब्दिक अर्थ- गलत तरिकाबाट अर्थ बुझ्नु हो । अर्को शब्दमा भन्ने हो भने, उल्टो अर्थ लगाउनु हो । भ्रम मात्र फैलाउनु, कलह लम्ब्याउनु र अशान्तिको श्रृजना गर्नु सबै मिथ्यादृष्टि अन्तर्गत पर्न जान्छन । पूजा-आजा गरेर वरदान माग्नु आदि मिथ्यादृष्टिभन्दा कसैले गरेको काम-कुराको बाङ्गो अर्थ लगाउने मिथ्यादृष्टि खतराजनक हुन्छ, भयावह हुन्छ । सम्यकदृष्टि नभएको व्यक्ति जति विद्वान् भए पनि, बौद्ध भए पनि सच्चा मानव हुन सक्दैन, ढोंगी साम्प्रदायिक र विकासको बाधक मात्र हुनसक्छ ।

मिथ्यादृष्टिको अर्थ बुझाउनका लागि एउटा बुद्धकालीन घटना उधृत गर्न चाहन्छु ।

गौतम बुद्धले भिक्षुहरूलाई समय-समयमा अर्ति र आज्ञा दिनुहुन्थ्यो - खालि खाना मात्र खाएर गोरु जस्तो मोटाएर के बाँच्छौ ? जाओ, धर्मप्रचारार्थ कथा भन्ने काम गर । एकदिन बुद्धको आज्ञाको शिरोपर गर्दै एकजना भिक्षु तुरुन्तै कथा भन्न जाने भनेर विहारबाट सडकमा निस्के । बाहिर सडकमा एकजना भिखारी माग्दै बसेको रहेछ । ती भिक्षुले त्यही भिखारीलाई भने - ए ! म कथा भन्छु राम्रोसँग सुन । तिम्रो भलो हुन्छ ।

भिखारीले भन्यो - "मलाई भोक लागेको छ । कथा सुन्ने इच्छा छैन । धार्मिक कथाले मेरो भोक मेटाउँदैन ।" भिखारीले त्यति भन्न नपाउँदै भिक्षुले जबरजस्ती हात समातेर त्यसलाई बुद्धकहाँ लगेर भने-



Downloaded from http://dhamma.digital

"भो गुरु भगवान ! तपाईले कथा भन्न जाऊ भनी आज्ञा दिनुभए अनुसार मैले यसलाई कथा सुनाउन खोजेको त यसले सुन्ने मानेन ।"

करुणावान् बुद्धले भिखारीसित सोध्नुभयो- तिमीले किन कथा नसुनेको ? भिखारीले भन्यो– "मलाई भोक लागेको छ । मेरो मनमा शान्ति छैन । कसरी कथा सुन्ने ?"

भगवान बुद्धले उसलाई पेटभरि खाना ख्वाएर पठाइदिनु भयो ।

अनि ती भिक्षुले बुद्धलाई भने– तपाईले त्यो भिखारिलाई किन कथा सुनाउनुभएन नि ! बुद्धले भन्नुभयो– मैले कथा भनिसकें ।

ती भिक्षुले बुद्धको भनाई बुझेनन् । किनभने ती भिक्षुमा सम्यकदृष्टिको अभाव थियो। उनीसँग बुद्धि र विवेक पनि थिएन । बुद्धको भनाईलाई ठीकसँग नबुझ्नु नै मिथ्यादृष्टि हो ।

बर्माको एउटा घटना पनि यहाँ प्रस्तुत गर्न चाहन्छु । त्यस घटनाको उल्लेख गर्दा पनि मिथ्यादृष्टि भनेको के हो र व्यवहारिक पक्ष के हो भन्ने कुरा बुझ्न सजिलो होला कि !

दुईजना बर्मेली भिक्षुहरू खोलामा नुहाउन गए । खोलाले एकजना तरुनीलाई बगाएर ल्याएको रहेछ । त्यो केटी-मलाई बचाऊ, मलाई बचाऊ भनेर कराईरही । दुइमध्ये एकजना भिक्षुले पानीमा गएर त्यो तरुनीलाई बोकेर ल्याए । तरुनी बाँची ।

अर्को भिक्षुमा सम्यकदृष्टि रहेन रहेछ । मिथ्यादृष्टि रहेछ । कुरा बुझेन । त्यसले आफ्नो गुरुकहाँ गएर शिकायत गर्‍यो– "गुरुजी, यो मेरो साथी भिक्षु भ्रष्ट भयो, पतित भयो । नियम उल्लंघन गर्‍यो यसले । यसले खोलाले बगाएर ल्याएको तरुनी आइमाईलाई बोकेर ल्यायो ।"

गुरुजीले भने– यसले मर्न लागेकोलाई बचाइ दियो । यसले धर्म गरेको छ । यसको शील, नियम बिग्रेको छैन । तिमीलाई आफ्नो नियम बचाउनका लागि अर्काको ज्यान गए पनि हुन्छ ? त्यस्तो हो भने तिम्रो दृष्टि मिथ्यादृष्टि हो सम्यकदृष्टि होइन । तिमीमा बुद्धि र विवेकको अभाव रहेछ । गुरुमा सम्यकदृष्टि, बुद्धि र विवेक भएकोले तरुनीलाई बचाउने भिक्षुले सजाय खानु परेन । ■



Downloaded from http://dhamma.digital

# नारीको यो पक्षतिर पनि ध्यान दिने कि !

नारी दिवसको उपलक्ष्यमा निस्कन लागेको आस्था पत्रिकामा नारीप्रति बुद्धको दृष्टिबारे केही कुरा लेख्न पाउँदा औधि खुशी लागेको छ । हामीकहाँ मात्र होइन, विश्वमा नै महिला दिवस, बाल दिवस, शहीद दिवस, सफाई दिवस र मानव अधिकार दिवस मनाउने गरिन्छ । तर त्यसको परिणाम भने त्यति सन्तोषजनक पाइएको छैन । नारी दिवस औपचारिकतामा मात्र सिमित हुने गरेको छ । धेरैजसो एशियाली मुलुकहरूमा नारीलाई पुरुष समान अधिकार प्राप्त भएको छैन । अरु देशको त के कुरा, हाम्रै नेपालमा पनि छोराले पाउने सम्पत्तिको अधिकारबाट छोरीलाई बञ्चित गरिएको छ । त्यसबारे राम्रो ऐन र कानून नै बनेको छैन । म राष्ट्रिय सभामा छँदा तत्कालीन सत्तारुढ पार्टी नेपाली काँग्रेसकी एक साँसद चेतकुमारी दाहालले नारीलाई पुरुष समान पैत्तृक सम्पत्ति दिइनुपर्छ भनी विधेयक ल्याउनुभएको थियो । तर पछि त्यो विधेयक फिर्ता लिन लगाइयो । यसरी प्रजातन्त्रपछि मानव अधिकारको आवाज उठाउने काँग्रेस सरकारले नारीको समान अधिकार, सम्बन्धी विधेयक पास हुनै दिएन ।

हिन्दू राज्य र हिन्दू सँस्कृतिमा पनि नारीलाई पुरुष सरह अधिकार छैन । नारीले वेद पढ्न मनाही छ । धर्मगुरु शंकराचार्यले त नारीलाई नरकको द्वारसम्म पनि भन्न पछि परेका छैनन् । बौद्ध जातक ग्रन्थमा पनि नारीप्रति राम्रो धारणा उल्लेख भएको पाइँदैन । किनभने बौद्ध जातक पनि ब्राह्मण आचार्य भिक्षुहरूले नै लेखेका ग्रन्थहरू हुन् ।

अब भगवान बुद्धको नारीप्रति कस्तो दृष्टि रहेछ भन्ने विषयमा केही चर्चा गरौं । एक दिन प्रशेनजित कोशल राजा गौतम बुद्धसमक्ष गई बुद्धलाई अभिवादन गरेर धर्मसम्बन्धि छलफल गर्दै बसेका थिए ।



Downloaded from http://dhamma.digital

त्यसैबखत राजदरवारबाट एक राजपुरुष आई प्रशेनजित कोशल राजाको कानमा बडामहारानी मल्लिका देवीले छोरी जन्माएको कुरा सुटुक्क भने । यो कुरा सुनी प्रशेनजित कोशल राजाको मन खिन्न भयो र उनले मुख अँध्यारो पारे । टाउको पनि बिस्तारै झुक्यो ।

यसरी अचानक राजाको मन खिन्न भएको देखेर बुद्धले सोध्नुभयो- "महाराज, दरवारबाट के खवर आयो, जसले गर्दा महाराजको मुख अँध्यारो भयो र मन दुःखी हुन पुग्यो ?"

कोशल राजाको जवाफ थियो - "भगवान्, मल्लिका देवीले पुत्र जन्माउँछिन् भन्ने आशा र भरोसा लिएको थिएँ । तर छोरी जन्माइन् भन्ने खवर आयो ।"

यो कुरा सुनी सकेपछि भगवान बुद्धले भन्नुभयो-

**"इत्थीपि हि एकच्चिया, सेय्या पोस जनाधिप ।**
**मेधावी शीलवती, सस्सु देवा पतिब्बता ॥**
**तस्सा यो जायति पोसो, सूरो होति दिसम्पति ।**
**तादिसा सुभागिया पुत्तो रज्जम्पि अनुसासतीति ॥"**

(जनाधिपति ! कुनै कुनै स्त्री बुद्धिमान, शीलवती, सासू र ससुरालाई देवता समान मानी पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे । त्यसकारण आफ्नी छोरीलाई राम्रो शिक्षा दिई पोषण गर्नुस् र आवश्यक तालिम दिनुस् । त्यस्ती नारीको कोखबाट जुन सन्तान जन्मिन्छ, उ सुरवीर तथा दिशा प्रमुख (राज्य प्रमुख) हुन सक्छ । त्यस्ती सौभाग्यवतीको कोखबाट जन्मेको बालकले राज्यमा शासन पनि गर्न सक्छ ।)

भगवान बुद्धले २५०० वर्ष पहिले व्यक्त गर्नुभएको कुरा आज साकार भएको छ । स्त्रीबाट जन्मेको सन्तानले मात्र होइन, स्त्री आफू स्वयंले पनि राज्य चलाउन सक्षम भएका छन् । उदाहरणार्थ, संसारमा सबैभन्दा पहिले श्रीलंकामा श्रीमाओ बण्डारनायक प्रधानमन्त्री बनिन् । त्यसपछि भारतमा इन्दिरा गान्धी, इजरायलमा ... इंग्लैण्डमा मार्गरेट



Downloaded from http://dhamma.digital

थ्याचर, पाकिस्तानमा बेनजीर भुट्टो आदि प्रधानमन्त्री बने । हाल श्रीलंकामा श्रीमाओ बण्डारनायक प्रधानमन्त्री पदमा छिन् भने उनकी छोरी चन्दिका कुमार तुङ्गा राष्ट्रपति पदमा रही संसारको इतिहासमा एक नौलो आयाम थपेको कुरा हाम्रा सामु उपस्थित छ ।

फिलिपिन्समा पनि श्रीमती कोराजोन अक्वीनोले राष्ट्रपतिको रुपमा शासन चलाइन् भने बेलायतमा महारानी एलिजाबेथले शासन चलाइरहेकी छिन् । त्यस मुलुकमा महिला मन्त्रीहरू त कति छन् कति । त्यस्तै हाम्रो नेपालमा पनि शैलजा आचार्य र साहना प्रधान जस्ता नारीहरूले पनि मन्त्री पद सम्हाली कार्य संचालन गरिसकेका छन् । प्रधानमन्त्री बन्न परेपनि बन्न तयार भएका नारीहरू हाम्रो नेपालमा हालसालै पनि विद्यमान छन् ।

भगवान बुद्धले भन्नुभएको थियो, "पुरुषको लागि विश्वासी साथी आफ्नी पत्नी हो ।" - भरिया (भार्या) परमा सखा ।

अर्थात् स्वास्नी परम मित्र हुन् । छोरा छोरीको लागि आफ्नो घरमा आमा नै साथी हुन् । (माता मित्तं सके घरे)

एकदिन एकजना ठूला विद्वानले गौतम बुद्धसँग सोधे– "किंसु भण्डानं उत्तमं"

अर्थात् संसारमा ठूलो वस्तु के हो ? बुद्धको उत्तर थियो– "इत्थि भण्डानं उत्तमं" अर्थात् स्त्री नै सबैभन्दा उत्तम वस्तु हो ।

बुद्धको यो उत्तर सुनेर त्यो जिज्ञासु पुरुष जिल्ल पऱ्यो । उसले बुद्धले सदाचारी हुनुलाई नै उत्तम भन्नुहुन्छ भन्ठानेको रहेछ । तर उहाँबाट एकदम साँसारिक र व्यवहारिक उत्तर, पाएकोले उ सारै खुशी भयो ।

भगवान बुद्धले भिक्षु संघ र भिक्षुणी संघ खडा गरी नारीलाई समान अधिकार प्रदान गर्नुभयो । बुद्धले भिक्षु, भिक्षुणी, उपासक र उपासिका भनी चार परिषद बनाउनु भयो । अर्को भाषामा भन्नुपर्दा बौद्ध



Downloaded from http://dhamma.digital

समाजरुपी रथमा चार पांग्रा भिक्षु, भिक्षुणी, उपासक र उपासिका बनाउनु भयो । पछि आएर बौद्ध आचार्यहरूमा ब्राह्मण संस्कार मिश्रण भएर भिक्षुणी संघ लोप भयो भने फेरि भिक्षुणी संघ बनाउनको लागि भिक्षु संघ अनुत्साहित भयो । यो दुःखको कुरो थियो ।

अब धेरैजसो नारीहरू जागृत अवस्थामा छन् । त्यसैले स्वार्थी विचारधारा भएका पुरुष वर्गले धेरै दिन शोषण गर्न नपाइने लक्षण देखा परेको छ । तर यस लक्षणलाई साकार पर्न नारी वर्ग पनि रुढीवादी हुनु भएन । सबैमा जागृति आउनुपऱ्यो ।

जानी राख्नुपर्ने कुरा हो, बर्मा (म्यानमार) का मानिसहरू विवाहपछि प्रार्थना गर्छन्, सबैभन्दा पहिले छोरी पाउँ भनेर । यसरी छोरी जन्मियोस् भनी प्रार्थना गर्नुको मुख्य तात्पर्य बर्मामा छोराहरू विवाह पछि धेरैजसो घर ज्वाई बस्न जाने प्रचलन रहेछ । कुनै प्रकारको भेदभाव छैन बर्मामा । स्त्री पुरुष समान छन् । तर दुःखलाग्दो कुरो हो, त्यस्तो मुलुकमा प्रधानमन्त्री बन्ने योग्यता भएकी आङ् सान सुकीलाई घरमै नजरबन्द गरी राखिएको छ । ■



Downloaded from http://dhamma.digital

# धर्म मरेको छैन

बुद्धकालीन घटना हो । एउटा परिवारमा आमा र छोरा मात्र थिए । छोराले धेरै दुःख कष्ट गरी खेती गरेर आमाको सेवा गर्दै थियो । एकदिन आमाले सोचिन्- मेरो एक्लो छोरा । ऊ धेरै दुःख कष्ट सहेर मेरो सेवा गर्छ । उसलाई साथी चाहियो । उसको विवाह गरिदिनुपर्‍यो । तब आधा काम बुहारीले गरिदिनेछ । अनि उसको लागि काम हलुका हुन्छ । म बूढी भएँ । नातीको मुख हेरेर मर्न पाए हुन्थ्यो । एकदिन छोरालाई बोलाएर उनले भनिन्- छोरा, तिमी एक्लै छौ, धेरै काम गर्नुपर्छ र घरको पनि रेखदेख गर्नुपर्छ, तिमीलाई एकजना साथी भए सजिलो हुनेछ । तसर्थ तिम्रो विवाह गरिदिन लागेकी छु ।

छोराले भन्यो- आमा, के कुरा गर्नु भएको ? म अहिलेसम्म बलियो छु, भरखर बीस-बाइस वर्षको छु । काम गर्नलाई गाह्रो मान्दिन । विवाह गर्न हतार नगर्नुस् । विवाह गरिसकेपछि अहिले जस्तो यस घरमा शान्ति हुनेछैन, कलह हुन सक्छ । मलाई पनि बोझ र पीर बढ्छ । पछि पछुताउनु पर्ने छ । छोराको कुरै नसुनी आमाचाहिँले बुहारी ल्याइदिई हालिन् । "नया कुचोले राम्रोसँग बढारिन्छ" भने झैं बुहारीले पनि राम्ररी काममा सघाई दिइन् । एकवर्ष जति पछि सासू र बुहारीबीच मनमुटाव हुन थाल्यो । कलह शुरु हुन लाग्यो । आमाले छोरालाई भन्न लागिन्– "तिम्रो स्वास्नी खराब छे ।" स्वास्नी चाहिँको भनाई थियो "तिम्रो आमा खराब छिन् ।" छोरा चाहिँ धर्म सङ्कटमा पर्‍यो । कसको कुरा सुन्ने । आमा चाहि आफ्नै जिद्दिमा अडिग थिइन । बुहारीमाथि गुनासो गर्न छोडिनन् । बुहारीले पनि बूढीलाई घरबाट नधपाई घरमा शान्ति हुँदैन भनी ढिपी कस्न लागिन् । यसरी कचकच सुन्नु पर्दा छोरा चाहिँलाई दिक्क लाग्यो । विवाह गरिदिएर यी बूढीले आफैले दुःखको बीउ



Downloaded from http://dhamma.digital

रोपिन् । त्यसैले एक चोटी त दुःख भोग्न दिनु नै जाति छ भनी रिसको झोंकमा छोराले आमालाई घरबाट निकालिदियो ।

आमाचाहिँ पाटीवास भइन्, भीख मागेर खान थालिन् । विवाह गर्दिन भन्दाभन्दै छोरालाई बुहारी ल्याइदिएँ । उसले स्वास्नीको कुरा सुनी मलाई त्यस्तो गर्ला भन्ने कसलाई थाहाथियो ? छोरामा धर्म र विवेक-बुद्धि रहेन भनी आमाचाहिँ कराउँदै हिड्न लागिन् ।

उता घरमा छोरा र बुहारी दुवैजना खूब खुशी थिए, आनन्दित थिए । जोइपोइको बीच कुरा भयो- बूढी रहुञ्जेलसम्म घरमा नरक जस्तो थियो, निकालिदिएपछि स्वर्ग जस्तो भयो । अहिले कस्तो हलुङ्गो छ । उनीहरूले यस्तो कुरा गरिरहेको अरुले सुने । त्यही कुरा पाटीमा बसिरहेकी बूढीको कानमा पुग्यो । छोरा र बुहारीहरूको कुरा थाहापाएर बूढी कराउन थालिन् आमालाई घरबाट निकालेर छोरा बुहारीले आनन्द मान्ने । यस संसारमा धर्म रहेन, धर्म मऱ्यो । उनी माटोको कप्टेरोमा केही सामान राखी "धर्म मऱ्यो, धर्मलाई श्राद्ध गर्नुपऱ्यो" भनी पागल जस्तो कराउँदै मसानतिर बरालिँदै हिडिन् ।

एकजना बटुवाले ती बूढीलाई पागल जस्तो ठानी नजीकै गएर सोध्यो- बूढी आमै, के भनेर कराइरहेकी ? धर्म मऱ्यो भनेको के हो ? बुढीले भनिन्- के गर्नु, आफूले जन्माएको छोराले पनि स्वास्नीको कुरा सुनेर मलाई घरबाट निकालिदियो । त्यति मात्र हो र ? मलाई निकालिसकेपछि उनीहरूलाई आनन्द भयो रे । आमालाई घरबाट निकालेर छोरा बुहारीलाई आनन्द भयो भन्ने जमाना आएपछि यस संसारमा धर्म मरेन त ? त्यसैले धर्मलाई श्राद्ध गरे पनि हुन्छ भनी श्राद्ध गर्न हिंडेकी ।

त्यो बटुवाले भन्यो- बूढी आमै, तपाईको छोरा त साऱ्है चण्डाल पो रहेछ । त्यस्तो दुष्टलाई म मारिनै दिन्छु । छोरालाई मार्ने कुरा सुन्नासाथ- "मेरो छोरालाई नमार, मेरो छोरालाई नमार" भनी बूढी कराउन थाली । अनि त्यस मानिसले भन्यो- बूढी आमै, धर्म मऱ्यो भनेकी



Downloaded from http://dhamma.digital

होइन ? आमालाई निकाल्ने छोराप्रति कसरी तपाईको मनमा माया जाग्यो, दुष्ट छोराप्रति आमाको दया रहिरहनु नै धर्म हो। धर्म मरेको भए दुष्ट छोरालाई मार्न आमाले किन रोक्नु पर्थ्यो ? त्यसैले धर्म मरेको छैन। धेरैमा धर्मको चेतना हराएर गयो, तैपनि सबैमा धर्म लोप भएको छैन। कुनै व्यक्तिमा धर्म चेतना नरहँदैमा धर्म मऱ्यो भन्नु ठिक छैन। उता उनको छोराको पनि छोरा जन्म्यो। छोरा जन्म्यो भन्ने सुन्नासाथ उसलाई एउटा अनौठो स्नेह, र ममताको अनुभव भयो। उसले विचार गऱ्यो– म जन्मिदा पनि मेरी आमालाई यस्तै स्नेह र ममता जागेथ्यो होला। अहो ! मैले आफ्नी स्वास्नीको कुरा सुनेर आमालाई घरबाट निकालिदिएँ। उसलाई आफूले ठूलो पाप गरें भनी आत्मग्लानी र पश्चाताप भयो। त्यसपछि ऊ आफ्नी आमाको खोजीमा निस्क्यो। उसले आफ्नी आमालाई पागल जस्ती भई मसानतिर भौंतारिरहेको देख्यो। ऊ त्यहाँ गएर आमाको पाउँ ढोगी क्षमा मागेर भन्यो-आमा, मलाई माफी देऊ, मैले गर्नु नहुने ठूलो अपराध गरें। घरमा मेरो छोरा जन्मेको छ, घर जाऊँ। आइन्दा त्यसरी 'जोशमा होश' गुमाउने छैन। आमाछोराको त्यो मन परिवर्तन भएको देखेर पहिलेको बटुवाले भन्यो-बूढी आमै, धर्म मऱ्यो भनेको होइन ? अब के भयो त ? साँच्चै धर्म मरेको भए छोराले आमालाई खोजी खोजी लिन आउँछ त ? छोरालाई पश्चाताप र आत्मग्लानी हुन्छ त ? जबसम्म मानिसले आफ्नो गल्ती महशूश गर्छ, तबसम्म धर्म मरेको हुँदैन।

आजकाल धेरैजसो मानिसमा नैतिकता र मानवता हराएको देखिन्छ। सेवा र ज्याला दुवै उद्देश्यको पेशा अपनाएका धेरैजसो ट्याक्सी, टेम्पो र रिक्सावालामा धर्म देखिदैन। त्यस्तै पारिवारिक र सरकारी कार्यालयमा तथा साधारण जनजीवनमा पनि धर्म नभएको देखिन्छ र सुनिन्छ तर सबैमा होइन। कुनै ट्याक्सी ड्राइभरहरू मानवीय गुण भएका पनि छन्। एकजना ट्याक्सी ड्राइभर १४ हजार रुपैयाँको पोको ट्याक्सीमै छोडेर गएका मानिस नआएसम्म बैंकको अगाडि बसिरह्यो।



Downloaded from http://dhamma.digital

यो धर्म नमरेको उदाहरण हो । त्यो ड्राइभरले भनेको थियो- "त्यो पैसाको पोका हातमा लिना साथ जिउ सिरिङ्ग भई डर लाग्यो ।"

अरु पनि धर्म नमरेको बारे यस्तै एउटा दुइटा बाटोमा सुनेका घटना यहाँ चर्चा गर्छु । यस पंक्तिको लेखक स्वयम्भूको पाखादेखि बाङगेमुढासम्म ट्याक्सीमा बसी आइरहेको बेला दुईजना बूढी आइमाईहरूका बीचमा कुरा चल्यो । एकजनाले अर्कोसित सोधिन्- "कान्छी ! सञ्चै छ ?" अर्की बूढीले भनिन्– सञ्चै छ भनुँ कि छैन भनुँ, खुट्टा दुखेको छ । त्यसैले मोटरमा बसेर आएकी । के गरुँ, ७२ वर्ष पुगेर पनि आफैले भात पकाएर खानुपर्छ । अर्कीले सोधिन्– "घरमा अरु कोही छैन र ?" उत्तर आयो– छन् त दुई तीन भाइ छोराहरू छन् । बुहारीहरू पनि छन् जागिर खाएर टाढा टाढा खटिएर गए । छोरालाई एक्लै कसरी पठाउने, म आफै श्रीमानसित बिछोडिएर बस्नुपर्दा खल्लो जीवन बिताइरहेकी हुँदा बुहारीलाई लोग्नेसित किन अलग्याएर राखौं भनेर बुहारीलाई पनि सँगै पठाएकी थिएँ, तर कतिवर्ष भयो केही खबर छैन । छोराले म आमालाई भुसुक्कै बिर्स्यो, वास्तै गरेन । छोराहरूले आमालाई माया मार्न नहुने हो, केगरुँ आज काल धर्म रहेन ।

अर्की बूढीले भनिन् - मेरा पनि तीनभाइ छोराहरू छन् । तीनैजना छुट्टिएर बस्न गए । छोरी तीन जना छन् । तीनैजना अविवाहित छन् र घरमै बसेका छन् । एउटी छोरीको जागिर छ । छोराहरूले वास्तै गर्दैनन् । छोरीहरू त छन् नि भनी ढुक्क भएर बसेकी त दुइटी छोरीहरू मिलेर मसँग बोल्दा पनि बोल्दैनन् । एउटी छोरीले मात्र मेरो सेवा गर्छिन् ।

त्यहाँ रहेकी अर्की एकजना आइमाईले भनिन्- मेरा त छोराहरू चारजना छन् । चारैजना सुन् जस्तै छन् । बुहारीहरू पनि हीरा जस्तै छिन् । कहिले पनि कलह गर्दैनन् । मैले चिताएजस्तै भएको छ । जुन कुरा पनि आमाको इच्छाअनुसार गर्ने गर्छन् । खूब रमाइलो छ मेरो घरमा । त्यसैले धर्म मरेको छैन ।



Downloaded from http://dhamma.digital

ट्याक्सी ड्राइभरको मुख पनि चिलायो क्यारे, चूप लाग्न नसकी भन्यो– मेरो पनि बूढी आमा हुनुहुन्छ घरमा। मैले एउटी राम्री केटीसँग विवाह गरें। दुई महीना हुँदा नहुँदै आपसमा कचकच हुन थाल्यो। मेरी स्वास्नी अनुहारकी मात्र राम्री रहिछे, तर उसको व्यवहार नराम्रो छ। मेरी स्वास्नीले छुट्टिएर बस्नु पर्‍यो भनी जिद्दी गरी। बूढी आमासित वस्न नसकिने भो रे! मैले उसलाई भने कि आमासँग छुट्टिएर बस्ने भए अरु लोग्नेमानिससँग पोइल गए हुन्छ। बूढी आमालाई छोडेर म बस्न सक्दिन। यति भनेपछि मेरी स्वास्नी चूप लागी। फेरि अर्की आइमाईले भनी- ड्राइभरसाहेब, यस्तो कुरा सुन्दा मात्रै पनि मेरो मन आनन्दित भएको छ। तपाई जस्तो छोरा भएको आमा भाग्यमानी हुनुहुन्छ। तपाईमा धर्म छ, तपाईको जय होस्। यस्तो कुरा सुनेर मलाई लाग्यो- धर्म मरेको छैन। ■



Downloaded from http://dhamma.digital

# बुद्धचरित्र र बौद्धचरित्र

बुद्धको व्यक्तित्वदेखि प्रभावित भए । धेरैजसो मानिसहरूले बुद्धलाई महापुरुष ठानी पूजा सत्कार गर्छन् । यसरी उहाँको व्यक्तित्व र गुणलाई संझी पूजा सत्कार गर्ने कार्य त ठीकै हो । यो सबैको कर्त्तव्य पनि हो तर व्यक्तित्वलाई पूजा गरे जस्तै उहाँको साँच्चिको व्यक्तित्व के हो त भन्नेबारेमा भने धेरैजसोलाई ज्ञान छैन । त्यसैले होला धेरैजसोले उहाँलाई देवता ठानी पूजा गर्छन् । अतः बुद्धको अनुयायी बन्न चाहने मानिसहरूलाई बुद्धको यथार्थ चरित्र र व्यक्तित्वबारे ज्ञान हुनु आवश्यक देखिन्छ ।

गौतम बुद्धले सर्वप्रथम सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभएको बेला उहाँले यसरी आफ्नो परिचय दिनुभएको थियो, "मैले चतुआर्यसत्य (दुःख, दुःखको कारण, दुःखको अन्त्य गर्न सकिन्छ र दुःखको अन्त्य गर्नुका लागि आवश्यक बाटो आर्यअष्टाङ्गिक मार्ग) ज्ञानलाई जानिराख्नु पर्ने भन्ने सुनेर अध्ययन गरे र राम्ररी बुझें । यस ज्ञानलाई बुझेर मात्र पुग्दैन अभ्यास पनि गर्नुपर्ने भएको हुँदा अभ्यास पनि गरें । अभ्यास गरिसकेपछि आफ्नो मनभित्र लुकिराखेको परम्परागत कुसंस्कार र कुवानीलाई त्याग्नु पर्दोरहेछ भन्ने कुरो पनि थाहापाएर मैले आफ्ना पुराना कुसंस्कारहरू सबै त्यागिदिएँ । यस्तै अमूल्य ज्ञानहरूलाई हेर्न लायक मेरा आँखाहरू थिएनन्, ज्ञान थिएन, प्रज्ञा थिएन, विद्या थिएन । जहाँ हेरेपनि सबै ठाउँमा अँध्यारोमात्र व्याप्त थियो तर अब ममा आँखाका साथसाथै प्रज्ञा पनि भएकोले जतातत्तै उज्यालै उज्यालो मात्र देख्दछु ।"

यहाँ स्मरणीय कुरो के रहेछ भने अभ्यास गर्दै पुराना संस्काहरूलाई त्यागिदिएपछि मात्र सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्न सक्षम हुनुभएको हो तर आजभोलि बुद्धका अनुयायी (बौद्ध) हरूको चरित्र



Downloaded from http://dhamma.digital

भने धर्म सम्वन्धी कुराहरू सुन्नु, दान र पूजा पाठ गर्नु आदिमा मात्र सीमित रहेको देखिन्छ, फलस्वरूप उनीहरूको मनभित्र गाडिएर रहेका परम्परागत पुराना संस्कार (संस्कृति) यथावत् नै रही उनीहरू यी कुवानी, अबौद्ध संस्कार र संस्कृतिहरूलाई छोड्न तयार देखिदैनन् ।

बुद्धत्व प्राप्तिपछि २० वर्षसम्म उहाँका शिष्य भिक्षु भिक्षुणीहरूले बुद्धको शिक्षा अनुसार अनुशासित भएर आचरण गरे । त्यस्तै गृही समाजले अथात् उपासका-उपासिकाहरूले पनि कुसंस्कारहरूलाई छोडी शुद्ध आचरण गरेको देखिन्छ । २० वर्षपछि भिक्षुहरू पनि अनुशासनहीन बन्दै उनीहरूको आचरणमा विकृति देखापरेपछि ब्राह्मणवादको हावा लाग्यो । अनि उपासक उपासिकाहरूको शुद्ध आचरणमा पनि शिथिलता आउन थाल्यो । यसरी बौद्ध आचरणलाई पूजा आजा र कर्मकाण्ड गर्नुमा सीमित गर्न थालियो ।

हाल भिक्षुहरूमा देखिएको अनुशासनहीनताका कारणहरूमध्ये एक कारण भिक्षुहरूलाई प्राप्त हुने बढ्दो लाभ सत्कार हो जसले गर्दा शुरू शुरूमा जस्तो शुद्ध श्रद्धा, वैराग्य र त्याग भावनाले ओतप्रोत भई भिक्षु बन्ने व्यक्तिहरूको कमी हुँदैछ । यसको ठीक उल्टो लाभ-सत्कारको लोभ लालचमा परी भिक्षु बन्न आउने व्यक्तिहरूको संख्यामा वृद्धि भएको देखिन्छ, फलस्वरूप भिक्षुहरूको समूहमा अनुशासनको कमी हुँदैछ । उपासक उपासिकाहरूमा पनि परम्परागत कर्मकाण्ड कार्य गर्ने संस्कार त्यागन नसकी बुद्धको शिक्षा अनुसार आचरण शुद्धि हुनुपर्छ भन्ने ज्ञान हराउँदै गएको छ ।

अब फेरि एकपटक बुद्धको महान् चरित्रतिर लागौं । एक समय भगवान् बुद्ध कोशलराज्य अन्तर्गत पर्ने मेघलूप भन्ने जनपदमा बस्नुभएको थियो । त्यही पसेनदी कोशल राजा आफ्ना मन्त्रीपरिषद् र भारदारसहित बुद्धको दर्शनार्थ जानुभयो । बुद्धसमक्ष पुग्ने बित्तिकै उसले साष्टाङ्ग वन्दना गरी बुद्धको दुइवटै पाउ समाती चुम्बन गर्न थाल्यो ।



Downloaded from http://dhamma.digital

यो देखी गौतम बुद्धले सोध्नुभयो- "महाराज ! के कारणले तपाईले मप्रति यस्तो श्रद्धा प्रकट गर्नुभएको ?" कोशल राजाले आफ्नो उद्‌गार प्रकट गर्दै भन्नुभयो- "भो भगवान् ! तपाई साँच्चैको शास्ता गुरु हुनुहुन्छ, यथावादी तथाकारी हुनुहुन्छ, जसरी उपदेश दिनुहुन्छ, त्यसरी नै तपाईको चरित्र पनि शुद्ध छ, तपाईको रहन सहन, हिंडाइ र आचरण शान्तियुक्त छ । तपाईको हृदय अति नै शुद्ध र पवित्र छ । तपाईका भिक्षुसंघ पनि त्यति नै संयमित छन् किनभने हजारौं भिक्षुहरूबीच तपाईले धर्म उपदेश दिने बेला सबै भिक्षुहरू अति संयमित भई चुप लागेर बसेको देखें । कोही एक भिक्षुले कतिपनि आवाज निकालेको सुनेन । एकपटक एकजना भिक्षुलाई केही कारणवश खोकी लागे जस्तो भएको बेला पनि अरू भिक्षुहरूले उसलाई हातले घोचेर सचेत गराउन थालेको देखें । कस्तो राम्रो अनुशासन र संयमित जीवन त्यो ! तपाईले कसरी भिक्षुहरूलाई अनुशासित गर्नुभयो ? बाटोमा हिंड्दा पनि भिक्षुहरू सान्है संयमित भएर हिंड्ने गरेको देखेर धेरैजसो मानिसहरू सान्है प्रभावित हुन्छन् । अरू धर्ममा यसरी अनुशासित र शान्त वातावरण देखिदैन । धेरैजसो होहल्ला मात्र सुनिन्छ उनीहरू कहाँ ! देखावटी अनुशासन सहितको आचरण मात्र देखें मैले । त्यसैले तपाईप्रति मेरो अगाध श्रद्धा जागेर आयो ।

त्यति मात्र होइन । म अधिकारसम्पन्न राजा हुँ । मैले दण्ड दिन सक्छु । मन्त्रीपरिषद् र भारदारहरू मेरै छत्रछायामा जीवित छन् । मैले दिएको रथमा उनीहर चढ्ने गर्छन् तर म र उनीहरूबीच पनि एक आपसमा अविश्वासको वातावरण देखिन्छ । मैले भनेको कुरालाई उनीहरू मान्न तयार देखिदैनन् । मैले बोलेको कुराले उनीहरूलाई त्यति असर परेको देखिदैन । यसरी उनीहरू मेरो लागि अनुशासित छैनन् । साधारण जनताहरू पनि आफ्ना आमा बुबाहरूसँग नै झगडा गर्छन् । साथीसाथी र दाजुभाइबीच पनि झैझगडा र कलह गर्न थाल्छन् तर अचम्म ! तपाईका उपासक उपासिकाहरूबीच भने शान्त वातावरण र एकता कायम रहेको छ । कथंकदाचित् झगडा



Downloaded from http://dhamma.digital

भइहाले पनि तुरुन्तै मेलमिलाप हुने गर्छ । यो तपाईंको शिक्षा र व्यक्तित्वको प्रभाव हो । त्यसैले तपाईंप्रति प्रभावित भएर मैले श्रद्धा प्रकट गर्दछु ।"

यो बुद्धकालीन बौद्ध समाज र भिक्षुसंघको कुरो हो तर अहिले यस्तो वातावरण त सपनामा मात्र देख्न पाइन्छ होला । **"सुखा संघस्स सामग्गी"** अर्थात् भिक्षु संघबीच एकता सुखकर छ भनी "Letter Pad" मा छापिएपनि पछाडि एकताको ठाउँमा अनेकता नै देखिने गरेको छ । हाम्रा नेपाली बौद्धहरूमा महायान, थेरवाद र वज्रयान आदिका बीच भेदभाव भएकोमा त्यसैमा गौरव ठान्दछन् किनकि अरू देशको बौद्ध समाजमा यस्तो अनेकताको वातावरण नै छैन रे ।

लुम्बिनी जस्तो पवित्र तीर्थस्थलमा विहार एउटा त खडा गर्न सकिराखेको छैन तर महायान, वज्रयान र थेरवाद विहार बनाउने कल्पनाको योजना भने तयार छ । यो कस्तो विडम्बना ?

गौतम बुद्ध आर्यअष्टाङ्गिक मार्गको अभ्यास गरेर पुराना संस्कार र कुबानीहरूलाई त्याग्ने व्यक्तिको रूपमा बुद्ध मूर्तिलाई हामीले खटमा राखी जात्रा गर्न भने एकदम तयार हुन्छौं र पूजा सत्कार पनि गर्छौं तर आ-आफ्ना कुसंस्कारहरूलाई त्याग्न भने हामी तयार छैनौं । यही हो हामी नेपाली बौद्धको चरित्र ।

फेरि बुद्धकालीन बौद्ध राजाको चरित्रबारे एक चर्चा गरौं । हत्थक आलवक राजा हजारौं जनतासहित भगवान् बुद्धको दर्शनार्थ जानुभएको थियो । अनि तथागतले सोध्नुभयो- "यत्तिका जनसमूह महाराजको आदेश अनुसार आएका हुन् कि आफ्नै श्रद्धाले आएका हुन् ?"

राजाको उत्तर थियो- "मैले त उनीहरूलाई तथागत बुद्धको दर्शनार्थ जाँदैछु भन्ने विषयमा सूचना मात्र दिएको थिएँ । उनीहरू सबै आफै यहाँ आएका हुन् । मेरो आदेशले आएका होइनन् ।"

गौतम बुद्धले फेरि सोध्नुभयो- "किन ? उनीहरू राजाप्रति यस्तो आज्ञाकारी भएको ?"



Downloaded from http://dhamma.digital

राजाको उत्तर थियो– "मैले जनताको इच्छा अनुसार नै राज्य संचालन गर्दै आएको छु । मैले जनताको पीर मर्कालाई सकभर हटाएर उनीहरूलाई संरक्षण गर्दछु । उखु पेले जस्तै जनतालाई पनि पेलेर कर उठाउने कार्य म गर्दिन । यसरी राज्यव्यवस्था राम्रो भएकोले जनताले मलाई आफूखुशी सहयोग गर्ने गर्छन् । यी सबै बुद्धको नै शिक्षा अनुसार कार्य भइरहेको हुँदा प्राप्त भएको राम्रो नतिजा हो । जनताहरू सबै मेरो विश्वासपात्र बनेका छन् । उनीहरूले मप्रति अविश्वास गर्ने ठाउँ नै छैन ।"

यो कुरो जीवनलाई नै साँच्चिकै सुखमय जीवन भन्न सकिन्छ तर मुख अगाडि प्रशंसा गर्दै विश्वासीपन देखाई मुख पछाडि भने निन्दा चर्चा गर्दै अविश्वासी बन्ने बेइमानी जीवन असल र सुखमय हुन सक्दैन ।"

**भवतु सब्ब मङ्लं**



Downloaded from http://dhamma.digital

# नेपाली भाषा

(१) नेपाल चीन मैत्री
(२) मैले बुझेको बुद्ध धर्म
(३) बौद्ध दर्शन
(४) नारी हृदय
(५) बुद्धको व्यवहारिक धर्म
(६) पञ्चशील
(७) शान्ति
(८) बौद्ध ध्यान
(९) पेकिङ्ग स्वास्थ्य निवास
(१०) बौद्ध संस्कार
(११) बुद्धको विचारधारा
(१२) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१३) निरोगी
(१४) बौद्ध नैतिक शिक्षा भाग-१
(१५) बुद्ध र बुद्ध धर्मको ...
(१६) बौद्ध ज्ञान
(१७) धर्म चिन्तन
(१८) सम्यक शिक्षा भाग-१
(१९) आर्यसंस्कृति
(२०) आर्य शील र आर्य मार्ग
(२१) सम्यक शिक्षा भाग-२-३
(२३) निन्दाबाट बच्ने कोही छैन
(२४) आफैं जाचौं ...
(२५) बुद्ध कालीन प्रजातन्त्र ...

Downloaded from http://dhamma.digital

## लेखकको छापीसकेको अरू पुस्तकहरू

### (लेखकया छापे जुइ धुंकुगु मेमेगु सफूत)

### नेपाल भाषा

(१) गौतम बुद्ध
(२) बुद्धया अर्थनीति (संयुक्त)
(३) तथागत हृदय
(४) त्याग
(५) दश संयोजन
(६) भिक्षुया पत्र भाग-१, २
(८) पेकिङ्ग स्वास्थ्य निवास
(९) बौद्ध शिक्षा
(१०) न्हापां याम्ह गुरु सु ?
(११) माँ-बौ लुमन
(१२) हृदय परिवर्तन
(१३) बौद्ध ध्यान भाग-१, २
(१५) बाखँ भाग-१, २, ३, ४, ५, ६
(२१) भिक्षु जीवन
(२२) भिंम्ह मचा
(२३) बाखँया फल भाग-१, २
(२५) धम्मचक्कप्पत्तन सुत्त
(२६) क्षान्ति व मैत्री
(२७) बोधिसत्व
(२८) मूर्खम्ह पासा मज्यू
(२९) श्रमण नारद
(३०) ईर्ष्या व शंका
(३१) चरित्र पुचः भाग-१, २
(३३) योगिया चिठ्ठी
(३४) पालि प्रवेश भाग-१, २
(३६) धर्म मसीनि
(३७) सर्वज्ञ भाग-१, २
(३९) दुःख मदैगु लँपु
(४०) शिक्षा भाग-१, २, ३, ४
(४४) दान
(४५) चमत्कार
(४६) बुद्धया व्यवहारिक पक्ष धर्म
(४७) व्यवहारिक प्रज्ञा
(४८) दीर्घायु जुइमा
(४९) ज्ञानमार्ग भाग-१, २
(५१) बौद्ध नैतिक शिक्षा
(५२) झिगू बन्धन
(५३) मन् ह्मसीकेगु गय्
(५४) संस्कृति
(५५) बुद्धया करूणा व ब्रह्मदण्ड
(५६) धर्मया ज्ञान
(५७) कर्म व कर्मफल

मुद्रकः न्यू नेपाल प्रेस, शुक्रपथ, फोनः २५९०३२, २५९४५० फ्याक्सः (९७७-१) २५८६७८ • प्रेसः ४३४८५०, ४३४७५३

Downloaded from http://dhamma.digital